# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

मानव विकासको क्रमलाई हेर्दा मानिसहरू ढुङ्गे युगबाट क्रमिक रूपमा वर्तमान समाजिक अवस्थामा आई पुगेको पाइन्छ । मानिस सामाजिक प्राणी हो । ऊ समाजमा बस्दछ । उसको परिवार, साथीसमुह, छरछिमेक, नातागोता, समुदाय र समाज हुन्छ । मानिसका शारीरिक तथा मानसिक क्रियाकलापहरू समाज तथा समुदायसंग जोडिएका हुन्छन् । मानिस समाजको एक जिम्वेवार सदस्य हुनाले उ सधै समाज, देश, परदेश तथा विश्वका बारेमा अध्ययन, विश्लेषण गरी ज्ञान आर्जन र सूचनामा पहुँच पुऱ्याउन सक्रिय हुन्छ । समाजमा भएका विविधता भित्र एकता खोज्ने र समायोजनमा लागि पर्नु पर्ने हुनाले  सामाजिक शिक्षा विषयको उत्पति, विकास भएको मानिन्छ । समाज, व्यक्ति तथा परिवार र समुहहरू मिलेर बनेको हुन्छ । व्यक्ति तथा समुहलाई समाजले मार्ग निर्देशन तथा नियन्त्रण गर्दछ भने समाजलाई परिवर्तन, सुधार, परिमार्जन र संस्कार योग्य समायोजन गर्न सन्ने नयाँ सोच अनुसार चल्ने हिड्ने बनाउने काम व्यक्ति वा नेतृत्वबाटर् प्रत्यक्ष तथा परोक्ष रूपमा भइ रहेको हुन्छ । सुधार, परिमार्जन अवलोकन तथा अनुसरणबाट हुने गर्दछ   (शर्मा र शर्मा, २०६३) ।

अनुशासित, मिलनसार, सहयोगी, सभ्य नागरिक निर्माण गर्ने काममा सामाजिक शिक्षाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । व्यक्ति व्यक्ति बीचमा प्रेम,सहानुभूति, मातृत्व भावना, बन्धुत्व, मानवता, सहिष्णता जस्ता संस्कारगत सामाजिक संस्कृतिक गुणहरू सामाजिक शिक्षाले विकास गरी व्यक्तिलाई परिवर्तित समयानुकुल व्यवहार गर्न योग्य बनाउने कार्य गर्दछ । समाजमा घट्ने र घट्न सक्ने राम्रा-नराम्रा घट्नाहरू प्रति यस विषयले व्यक्तिलाई सचेत र सवल बनाउछ । सुःख-दुःखमा साथ दिने र सुहाउँदो व्यवहार प्रर्दशन गर्न सक्ने, सम्बेदनशील व्यक्ति निर्माण गर्न यसै विषयले सहयोग गर्दछ (शर्मा र शर्मा, २०६३) ।

शिक्षा मानव सभ्यताको विकाससग सँगै विकसित हुदै आएको पाइन्छ । मावन सभ्यता युग, काल, परिस्थिति अनुसार बदलिदै आए अनुरूप शिक्षामा पनि परिवर्तन युग अनुसार अनुकुल र प्रयोग योग्य, उपयोगी बन्दै आएको छ । प्राचीनकालमा शिक्षा धर्म कर्ममा सम्बन्धित हुन्थ्यो । दर्शनशास्त्रको अध्ययन गरी अर्थ लगाउनु, कथा वाचन गर्नु, आनन्द प्राप्त गर्नु, आनन्द प्रदान गर्नु शिक्षाको मुख्य उद्देश्य थियो । समयको गतिसँगै शिक्षाको अवधारणा र प्रयोगमा परिवर्तन आयो । शिक्षालाई रोजेगारीको आधार मान्न थालियो । परिवर्तित युगको जटिल परिस्थितिमा प्रतिस्पर्दा गरी स्वतन्त्रपूर्वक अस्तित्वको संरक्षण गर्न बढी भन्दा बढी विषयमा ज्ञान, सीप, क्षमता, अनुभवको आवश्यकता ठानी यसका लागि सबैका नीम्ति समान अवसर जन्म सिद्ध अधिकार, शिक्षामा लगानी, नागरिक शिक्षा राज्यको दायित्व हो भन्ने, अवधारणा आउन थाले । जसको परिणामस्वरूप शिक्षामा जनसहभागिता तीब्ररूपमा बढ्न गई सबै मानिसलाई प्रत्यक्ष वा अपत्यक्ष रूपमा यसले आफूमा समाहित गर्न सफल भयो (भट्टराई,२०६९) ।

नेपालमा प्राचीन कालदेखि नै विभिन्न माध्यमबाट अनौपचारिक रूपमा शिक्षा लिने र दिने प्रचलन रहेको पाइन्छ । गुरूकुल शिक्षा संस्कृत शिक्षा र बौद्ध शिक्षा प्राचीन नेपालका प्रमुख शिक्षाका उदाहरण हुन् । त्यसवेला मठ, मन्दिर, गुम्वा, विहार, गुरूको आश्रम, चौतारा र पाटी पौवा  शिक्षा लिने दिने केन्द्रका रूपमा थिए । तर ती शिक्षा प्रणाली वैज्ञानिक र कुनै नीति नियम, कानुनका आधारमा सुसञ्चालन नभै गुरूको आज्ञा र निर्देशनअनुसार संचालित थिए । यसबाट त्यसवेला चेलाले गुरूको र गुरूको परिवारको सेवा गरी खुसीपारी शिक्षा आर्जन गर्नु पर्ने प्रचलन रहेका देखिन्छ (शर्मा, २०६३ ) ।

प्रजातन्त्रको पुन स्थापना पश्चात वि. सं. २०४९ सालमा राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदनले प्रजातान्त्रिक परिपाटी अनुसार गुणस्तरीय शिक्षा प्रणालीको विकास गर्ने , प्रा वि.तहमा मातृभाषामा शिक्षा दिन सकिने, शिक्षक तालिम अनिवार्य, प्रा. वि. तहमा महिला शिक्षकको व्यवस्था, अपाङगलाई निःशुल्क शिक्षा प्रदान गर्नु पर्ने, उच्च माध्यमिक विद्यालयको स्थापना छात्रवृतिको व्यवस्था गरी शिक्षा पद्धतिमा परिवर्तन गर्न जोड दिएको छ (शर्मा, २०५९) । देशको वदलिंदो समय र परिस्थिति अनुसार उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ ले शिक्षा अझ गुणस्तरीय र सवैको पहुँच पुर्‍याउने उदेश्यले निःशुल्क, अनिवार्य र मातृभाषामा शिक्षा प्रदान गर्न गुणस्तरियता र सुदृढीकरण, शैक्षिक परियोजनाको संचालन, निरीक्षण, अनुगमन र मूल्यांकन पद्धति, पिछडिएका वर्गका लागि शिक्षामा समान अवसर, विशेष शिक्षा, अनौपचारिक शिक्षा र साक्षरता कार्यक्रम,वहु विश्वविद्यालय प्रणाली, विज्ञान तथा प्राविधिक शिक्षा आदिमा जोड दिएको छ ।

विद्यालयहरूको विस्तार, विज्ञान र प्राविधिक शिक्षाको जनचाहनाले गर्दा पाठ्यक्रममा क्रमिक सुधार आउँदै गयो। विद्यालयमा पठनपाठन गराउन तद् अनुरुपका शिक्षाहरूको उत्पादनको निम्ति शिक्षक शिक्षामा जोड दिन थालियो । पाठ्यक्रमको विकासले विभिन्न विषयहरूको सिर्जना गरियो । विद्यालय समाजको अभिन्न अङ्ग हो । त्यसैले विद्यालयको रेखदेख र सञ्चालन गर्न समाजको संलग्नता अनिवार्य महसुस गरियो । यसले गर्दा विद्यालयको रेखदेख र सञ्चालनको साथै शिक्षक व्यवस्थापनमा समाजको महत्वपूर्ण भूमिका रहन थाल्यो ।

समाजको अवाश्यकता र चाहनाअनुसारको सम्पूर्ण भौतिक तथा आर्थिक स्रोत सरकारले मात्र पूरा गर्न नसक्ने भए पछि सरकारी र निजी दुवै किसिमका विद्यालयहरू संचालन गर्न सुरु गरियो । सरकारी विद्यालयलाई सामुदायिक र निजी विद्यालयहरूलाई संस्थागत नामले चिनिन्छ । सामुदायिक विद्यालयको लागि लगानी रेखदेख र नियन्त्रण सरकारको भए पनि विद्यालयको व्यवस्थापन समुदायलाई दिएर सरकार आफ्नो जिम्मेवारीबाट टाढा रहने कोशीस गरेको छ । जसले शिक्षकका पेशागत हक हितलाई ठूलो धक्का दिएको छ । अर्को तर्फ संस्थागत विद्यालयहरूले गुणस्तरीय शिक्षाको नाममा जनताबाट रकम असुल्ने तर शिक्षकहरूको पेशागत हक हितलाई कुनै वास्ता गरेको छैन । सामुदायिक तथा संस्थागत दुवै

विद्यालयहरूले शिक्षकहरूको नियुक्ती सरुवा बढुवा, नेपालको शिक्षा ऐन र नियमावली विपरित विषयगत र योग्यतागत जेष्ठतामा ध्यान दिएको पाइदैन ।

शिक्षण शिक्षाको एउटा महत्त्वपूर्ण भाग हो । शिक्षणले ज्ञान बुझाइ र सीपको विकास गराउँदछ । शिक्षण मुख्य गरेर विद्यालयमा अध्ययन गर्न आउने विद्यार्थीहरूलाई ज्ञान सीप र वुझाइको विकासमा टेवा पुर्‍याउने एउटा प्रविधि हो । शर्मा र शर्मा (२०६३) ले शिक्षणलाई यसरी परिभाषित गरेका छन् - शिक्षण भन्नाले क्रियाकलापहरू जुन विद्यार्थीहरूको व्यवहार परिवर्तनको लागि तयार पारिएको र प्रयोग गरिएको हुन्छ । यसरी शिक्षण भन्नाले जव शिक्षकले ज्ञान शिप र बुझाइको विकासको निम्ति विद्यार्थीहरूलाई पढाउँछ तव विद्यार्थीले शिक्षकले पढाएको कुरा सिकेको हुनु पर्छ ।

शिक्षण कक्षाकोठा भित्र र बाहिर दुवै किसिमबाट हुने गरेतापनि विद्यार्थीको सिकाई प्रक्रियामा विद्यालय शिक्षाले नै प्रमुख प्रभाव पार्ने भएकोले ‘कक्षाकोठा शिक्षण’को अध्ययन आवश्यक देखिएको हो । कक्षाकोठा शिक्षण भन्नाले उपयुक्त शिक्षण विधि, प्रभावकारी शिक्षण सामग्रीको माध्यमबाट कक्षाकोठामा शिक्षक र विद्यार्थी बीच सौहार्दपूर्ण वातावरणमा हुने शिक्षण सिकाइ क्रियाकलाप हो । जसले सिकाइ उपलब्धिमा प्रत्यक्ष प्रभाव पार्दछ । शिक्षण सिकाइ प्रक्रियामा प्रभाव पार्ने तत्वहरूमा पाठ्यक्रम, पाठ्यपुस्तक, शैक्षिक सामग्री, शिक्षक निर्देशिका सन्दर्भ पुस्तकहरू आदि हुन भने अर्को तिर कक्षा कोठा शिक्षण पनि सिकाइ उपलब्धिमा प्रभाव पार्ने प्रमुख तत्त्व हो (सेरिड, २००४)।

## १.२ समस्याको कथन

कुनै पनि समस्यमा आवश्यक पर्ने कर्मचारी भर्ना गर्दा पूर्व निर्धारित योजना तथा लक्ष्यमा आधारित हुनु पर्दछ । निश्चित नीति नियम विनियम पश्चात भर्ना कार्य गरिएमा त्यस सम्बन्धि समस्या आउँदैन । सामुदायिक र संस्थागत विद्यालयहरूको शिक्षक व्यवस्थापन कस्तो छ ? सामुदायिक तथा संस्थागत विद्यालयहरूको शिक्षक व्यवस्थापनमा देखिएका फरकहरू के के छन् ? शिक्षक व्यवस्थापनका समस्याहरू के के छन् ? ती समस्याहरू सुझाउन के के उपायहरू अपनाउन सकिन्छ ? भन्ने प्रश्नहरूको उत्तर खोजी गर्नु यस अध्ययनको प्रमुख उद्देश्य रहेको छ ।

## १.३ अध्ययनको औचित्य

यस अध्ययनले सामुदायिक र संस्थागत विद्यालयको शिक्षक व्यवस्थापनको अवस्था अध्ययन गरी ती दुवै किसिमका विद्यालयहरूको समानता र असमानता जानकारी प्राप्त गरी व्यवस्थपनमा भएका कमी कमजोरी न्यूनीकरण गर्ने, उपयाहरू प्रष्ट पार्ने रहेको छ । यस अध्ययनले व्यवस्थापनमा देखिएका विषयगत शिक्षक, अभिभावक तथा विद्यालय व्यवस्थापन समितिले शिक्षक व्यवस्थापन गर्दा ध्यान दिनु पर्ने विषयका साथै नीति निर्माताहरूलाई समेत सहयोग पुग्नेछ ।

**१.४अध्ययनको उद्देश्य**

यस अध्ययनको निम्न उद्देश्यहरू रहेका छन् :

(१) सामुदायिक र संस्थागत विद्यालयको शिक्षक व्यवस्थापनको अवस्था अध्ययन गर्नु ।

(२) सामुदायिक र संस्थागत विद्यालयको शिक्षक व्यवस्थापनले सिकाइमा फरक आउने कारणहरू विश्लेषण गर्नु ।

(३) सामुदायिक तथा संस्थागत विद्यालयका शिक्षक व्यवस्थापनमा देखिएका समस्याहरू पत्ता लगाई समाधानका उपायहरू सुझाउनु ।

**१.५ अनुसन्धानात्मक प्रश्न**

यस अध्ययनवाट निम्न अनुसन्धानात्मक प्रश्नहरूको उत्तर खोजिएको छ :

क) सामुदायिक र संस्थागत विद्यालयमा शिक्षक व्यवस्थापनको अवस्था कस्तो छ ?

ख) सामुदायिक र संस्थागत विद्यालयमा शिक्षक व्यवस्थापनमा के के भिन्नता छन् ?

ग) सामुदायिक र सस्थागत विद्यालया शिक्षक व्यवस्थापनमा के के समस्याहरू छन् ?

घ) सामुदायिक र सस्थागत विद्यालया शिक्षक व्यवस्थापनमा कसरी सुधार गर्न सकिन्छ ?

ङ) सामुदायिक र सस्थागत विद्यालयमा शिक्षक व्यवस्थापनले सिकाइमा फरक आउने कारणहरू के के हुन् ?

**१.६ अध्ययनको परिसीमा**

इलाम जिल्लाको सामुदायिक तर्फका २ ओटा विद्यालयकहरू र संस्थागत तर्फ २ ओटा विद्यालयहरू गरी जम्मा ४ ओटा माध्यमिक विद्यालयहरूलाई मात्र अध्ययनमा समावेश गरिएको छ । समावेश भएका विद्यालयहरूमा दानावारी स्रोतकेन्द्र अन्तर्गत सामुदायिक विद्यालयहरू श्री कन्काई उ.मा.वि. दानावरी-१ र श्री सरस्वती उ.मा.वि. दानावारी-६ रहेका छन् । संस्थागत विद्यालयहरूमा श्री नवज्योति आवसीय मा.वि. दानावरी र श्री अमृत बोर्डीङ्ग स्कूल दानावरीको २०७० सालको कक्षा ६-१० को शिक्षक व्यवस्थापनमा सिमित गरिएको छ ।

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

यस परिच्छेदमा सम्बन्धित अध्ययनको सैद्धान्तिक खाका र अध्ययनसंग सम्बन्धित पूर्व साहित्यको पुनरावलोकन र समीक्षा गरिएको छ ।

## २.१ सम्वन्धित साहित्यको पुनरावलोकन

शिक्षा वास्तविक अर्थमा मानवको व्यवहारमा परिवर्तन ल्याउन सक्ने किसिमको हुनुपर्दछ । शिक्षा व्यवहारिक, सीपमुलक, व्यवसायिक र रोगगारमूलक तथा उपयोगी हुनुपर्छ । यस प्रकार प्राथमिक तहदेखि नै गुणस्तरीय शिक्षा प्रदान गर्न सके मा.वि. उ.मा.वि. तथा उच्च शिक्षा पनि व्यवहारिक र गुणस्तरीय बनाउन सकिन्छ ।

रानामगर (२०६१) काअनुसार संस्थागत विद्यालयको प्रशासन र व्यवस्थापन प्रभावकारी हुने कारणले संस्थागत विद्यालयको प्रवेशिका परिणाम उच्च रहेको हुन्छ ।

शर्मा (२०४३) का अनुसार शिक्षण सिकाइलाई प्रभावकारी बनाउने  एक सशक्त माध्यमको रूपमा शिक्षक तालिम भएकाले कुनै पनि विद्यालयमा शिक्षण गर्न  चाहने व्यक्तिलाई शिक्षण सम्बन्धी तालिम अनिवार्य हुन्छ  र तालिम बिना शिक्षण गर्दा शिक्षण प्रभावकारी हुँदैन ।  निजी तथा सरकारी छुटाछुटै रूपमा सञ्चालित विद्यालयहरूलाई वि. सं. २०२८ मा गठित राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू भएपछि सबैलाई एकीकरण गरी एउटै छातामुनि ल्याइयो र जिल्लाको सम्पूर्ण विद्यालयहरूको पाठ्यक्रम, पाठ्यपुस्तक, पठनपाठन,   परीक्षा, सुपरीवेक्षण तथा प्रशासन जिल्ला शिक्षा कार्यालय मार्फत नियन्त्रित थिए । वि. स. २०३६ सालको मध्यावधी मूल्याङ्कन पश्चात् निजी विद्यालयहरूको गुणस्तर वृद्धि गर्न निजी क्षेत्रकै पहलमा विद्यालयहरू सञ्चालन गर्न तत्कालीन सरकारले छुटदिए । हाल आएर ती विद्यालयहरू सरकारी र निजी छुट्टाछुट्टै रूपमा सञ्चालित छन् ।

सेरीड (१९९३) का अनुसार, सार्वजनिक तथा निजि, प्राथमिक विद्यालयको भौतिक सुविधा मूल्याङकन गर्न शिक्षकको शैक्षिक योग्यता तालिमको स्थिति पता लगाउनु, विद्यालयको वितिय स्थिति जाँच गर्नु, प्रयोग गरीएको शिक्षण विधि र कक्षा व्यवस्थाको स्थिति पता लगाउनु, विद्यार्थीहरूको उपलब्धि पता लगाउनु थियो । उद्देश्यको परिपूर्तिका लागि काठमाण्डौं, ललितपुर, भक्तपुरको कक्षा १० का १० वटा सार्वजनिक र १० वटा संस्थागत विद्यालय छनौट गरीएको थियो । जसमा २०० जना विद्यार्थी, ८० शिक्षक र २० जना प्रधानाध्यापक थिए । तथ्याङ्क संकलन गर्ने साधनको रूपमा स्तरीय उपलब्धि परीक्षाको प्रयोग गरीएको थियो । अध्ययनको निष्कर्ष हेर्दा मुख्य

विषय (विज्ञान गणित, नेपाली, अङ्ग्रेजी)को उपलब्धि हेरिएको थियो । यसमा सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयमा औषत उपलब्धि राम्रो रहेको पाइयो ।

भण्डारी, (२०६३) का अनुसार, संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरूको गणित विषयको उपलब्धिको लेखाजोखा गर्नु, शहरी र ग्रामीण क्षेत्रका विद्यार्थीहरूको शैक्षिक उपलब्धिको तुलना गर्नु, विद्यार्थीका शैक्षिक उपलब्धिमा आएका फरकका कारण पत्ता लगाई समाधानका लागि उपाय प्रस्तुत गर्नु भन्ने राख्नु भएको थियो । प्राप्ति तथा निष्कर्षहरूमा सामुदायिक विद्यालयहरूको औषत उपलब्धि ३१.६५ र संस्थागत विद्यालयको औषत उपलब्धि ६७.५ रहेको पाइयो । यसरी सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालय उपलब्धि उच्च रहेको पाइयो । ग्रामीण क्षेत्रको विद्यार्थीको उपलब्धि ४९.२५ र शहरी क्षेत्रको विद्यार्थीको उपलब्धि ४८.८० रहेको पाइयो । शहरी क्षेत्रको र ग्रामीण क्षेत्रको विद्यार्थीको उपलब्धिमा खासै भिन्नता नरहेको पाइयो । छात्र एवं छात्राको उपलब्धि ५१ रहेको पाइयो भन्ने छात्राको उपलब्धि ४८.२५ रहेको पाइयो । यसरी संस्थागत र सामुदायिक विद्यालयको छात्र र छात्राको उपलब्धिमा भिन्नता रहेको पाइयो । गणित विषयको शिक्षणमा शिक्षक तालिमको अभाव,अतिरिक्त पाठ्यपुस्तकको अभाव, शैक्षिक सामाग्रीको अभाव गणित प्रति विद्यार्थीको आधार नै कमजोर रहेको पाइएको थियो । गणित विषयको शिक्षणमा आएका उल्लेखित समस्याहरूलाई तल्लो तहका कक्षा देखि नै प्रभावकारी रूपमा समावेश गर्नुपर्ने पाठ्यपुस्तकको व्यवस्था शिक्षण सामाग्रीको व्यवस्था, गणित विषयको पाठ्यक्रमको उपलब्धता हुनुपर्ने आदि कार्यबाट समाधान गर्न सकिन्छ भन्ने शिक्षकहरूको प्रतिक्रियालाई यम नारायण भण्डारीले प्राप्तीको रूपमा उल्लेख गर्नु भएको छ ।

काफ्ले, (२०६०) अनुसार, सामुदायिक एवं संस्थागत विद्यालयका विद्यार्थीहरूको नेपाली विषयको उपलब्धिको लेखाजोखा गर्नु, ग्रामीण र शहरी क्षेत्रका विद्यार्थीहरूको उपलब्धिको तुलना गर्नु, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरू छात्र र छात्राको उपलब्धि तुलना गर्नु, विद्यार्थीहरूको उपलब्धिमा फरक आउनाका कारण पत्ता लगाई समाधानका लागि सुझावहरू प्रस्तुत गर्नु जस्तो उद्देश्यहरू राख्नु भएको थियो । उक्त उद्देश्यहरू परिपूर्तिको लागि प्रयोग भएका विधिहरू परिमाणात्मक र गुणात्मक दुई किसिमका विधिहरू अपनाइएको थियो । कक्षा-८ (काठमाण्डौं जिल्लाका सामुदायिक तथा संस्थागत) का सम्पूर्ण नेपाली विषयका विद्यार्थीहरू अध्ययनका लागि जनसंख्या थिए । विद्यालयको छनौट गर्दा ग्रामीण क्षेत्रका सामुदायिक २, संस्थागत २ र शहरी क्षेत्रका सामुदायिक २, संस्थागत २ विद्यालयको छनौट संभावनायुक्त नमुना छनौटका आधारमा छनौट गरीएको थियो । तथ्याङ्क संकलन गर्ने साधनहरूमा मुख्य रूपमा प्रश्नावलीको निर्माण

गरिएको थियो । कक्षा ८ को नेपाली विषयको जिल्ला स्तरीय परीक्षाको नतिजा जिल्ला शिक्षा कार्यालयबाट (काठमाण्डौं) बाट प्राप्त गरीएको थियो । यस अनुसन्धानका प्राप्ति तथा निष्कर्षहरूमा सामुदायिक विद्यालयको औषत उपलब्धि २७.७३ प्रतिशत संस्थागत विद्यालयको औषत उपलब्धि ४९.६३ प्रतिशत रहेको । ग्रामिण क्षेत्रका विद्यालयको औषत उपलब्धि ३५.४० प्रतिशत र शहरी क्षेत्रका विद्यालयको औषत उपलब्धि ४१.९६ प्रतिशत पाइएको, छात्र र छात्राको उपलब्धि ३६.७७ प्रतिशत रहेको थियो । त्यसरी नै नेपाली विषयको शिक्षणमा देखिएका समस्याहरू जस्तै सन्दर्भ सामाग्रीको अभाव, घोकन्ते प्रवृति, सिर्जनाशिलताको अभाव, तालिम प्राप्त शिक्षकको अभाव प्रमुख रूपमा रहेको पाइयो । माथि उल्लेखित समस्या समाधानका लागि पाठ्यक्रम सर्वसुलभ रूपमा उपलब्ध गराउनु पर्ने, शैक्षिक सामाग्रीको यथेष्ट व्यवस्था गर्नु पर्ने शिक्षकलाई तालिम दिनु पर्ने, विद्यार्थीहरूको संख्या ३५ कम राखिनु पर्ने, जस्ता उपायबाट समस्या समाधान गर्न सकिने प्रतिक्रिया शिक्षकहरूको रहेको पाइएको थियो ।

शर्मा र शर्मा (२०५३) काअनुसार बालकको आफ्नो क्षमता, दक्षता, सिंजनात्मक विकास गरी उसले चाहे जस्तो सरल तरिकाबाट ज्ञान र सीप प्रदान गर्नु शिक्षकको दायित्व हो । बालकको विकास क्रमअनुसार बौद्धिक अभ्यास गराउनु शिक्षण हो, बालक र वातावरण बीचको अन्तरक्रिया शिक्षण हो । शिक्षण एक पेशा हो जुन विशिष्ट अध्ययन र तालिममा आधारित हुन्छ । जसको उद्देश्य सीपयुक्त सेवा प्रदान गर्नु र निश्चित शुल्क र चेतनाको आधारमा अरूलाई सल्लाह दिनु हो ।

श्रेष्ठ (२०६४) काअनुसार माध्यमिक विद्यालयमा विद्यालय भवन छन्, कक्षाकोठा छन् , फर्निचर र शैक्षिक सामग्रीहरू सवै छन्, योग्यता पुगेका शिक्षक छन् तर उपलब्धिमूलक सिकाइ गर्न कक्षाकोठामा शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी भएन, शिक्षण ज्ञानको अभावमा जीवन्त शिक्षक विद्यार्थी सहभागितामूलक शिक्षण नै हुन नसकेकोले विद्यार्थीले माथिल्लो स्तरको ज्ञान र सीप सिक्न नसकेकोले शैक्षिक गुणस्तर कम रहेको पाइन्छ ।

हाडा (२०६०) कोअनुसार शैक्षिक सामग्रीको प्रचुर मात्रामा प्रदर्शन र प्रयोगबाट नै वालवालिकाहरूको दिमागलाई आकृष्ट गर्दै उनीहरूको ध्यान सिकाइतिर मोडन शिक्षक सफल हुन्छ, कक्षाकोठाको व्यवस्थापन, आवश्यक वातावरण, समुचित पाठयपुस्तक र पाठयसामग्री तथा सुपरीवेक्षणको प्रभावकारिताले शिक्षण सिकाइ प्रभावकारी र फलदायी हुन्छ ।

## २.२ सैद्धान्तिक खाका

अध्ययनलाई विश्वशनीय र भरपर्दो वनाउन विश्वका ख्याति प्राप्त र प्रचलित व्यक्तित्व टेलरको "वैज्ञानिक व्यवस्थापनको सिद्धान्त" र अगस्टे कम्तेको प्रणाली सिद्धान्तसँग यो शोधपत्र सम्बन्धित छ ।

टेलर (१९८९) का अनुसार वैज्ञानिक व्यवस्थापनको सिद्धान्त भनेको मानिसलाई कुन काम गराउन खोजिएको छ र कुन काम गर्न दिएमा उनिहरूले राम्रो र किफायति ढंगले सम्पन्न गर्न सक्छन् भन्ने कुराको सहि ढंगले जान्ने कला हो । वीसौं शताब्दीको शुरूका वर्षहरूमा उत्पादकत्व वढाउने कार्य दक्ष कामदारहरूको भएकोले कार्यदक्षता बढाएर उत्पादन बढाउने चुनौती थियो । त्यसवेला कामदारको कार्यदक्षता बढाउने उद्देश्यले नै वैज्ञानिक व्यवस्थापनको सुरूवात भयो । प्रत्येक कामदारको परम्परागत कार्यशैलीलाई परिवर्तन गरी वैज्ञानिक वनाउनु पर्छ, कामदार आफैले काम छान्ने परम्परा छोडेर वैज्ञानिक ढंगले कामदार छनौट गर्ने र छानिएका कामदारहरूलाई तालिम दिने तथा दक्षता पूर्वक काम सिकाउनु पर्दछ, वैज्ञानिक ढंगबाट काम हुने गरी व्यवस्थापक र कामदार बीच आत्मीय सहयोग, सम्बन्ध र सामाञ्जस्यता स्थापित गर्नु पर्छ, कामदारलाई कार्यप्रति अधिकतम उपलब्धि हाँसिल गर्ने ढंगले परिचालन गर्नुपर्छ। वैज्ञानिक ढंगले ज्याला निर्धारण गर्नु पर्दछ । वढि काम गर्नेलाई बढी ज्याला दिनु पर्दछ र कामदार र व्यवस्थापक बीच स्पष्ट कार्य विभाजन गर्नुपर्छ । कामदारलाई मात्र दोष दिने र आफू उम्कने परिपाटि त्याग्नु पर्छ (कोइराला, श्रेष्ठ, २०५९ बाट उद्धृत) ।

शर्मा (२०५९) का अनुसार शिक्षाको समाज शास्त्रको सिद्धान्तमा सबैभन्दा पहिलो वा सबैभन्दा पुरानो सिद्धान्तलाई संरचनात्मक कार्यवाद सिद्धान्त भनिन्छ । यस सिद्धान्तका प्रतिपादक अगस्ते कम्ते हुन् । यस सिद्धान्तले समाजलाई निश्चित रूपले मान्दछ र त्यहि निश्चित रूपका आधारमा सामाजिक क्रियाकलाप हुने कुरामा विश्वास  गर्दछ । कुनैपनि समाजमा आ-आफ्नो प्रकारका रीतिरिवाज,सँस्कार, सँस्कृति र मान्यता रहेका हुन्छन् । समाजको यस्ता कुराहरूलाई त्यस समाजको प्रणाली भनिन्छ त्यहि प्रणालीका आधारमा सामाजिक गतिविधीहरू संचालन हुने गर्दछन् । जसरी मानिसका क्रियाकलापको संचालनको लागि मानिस क्रियाशिल हुनुपर्दछ । उदाहरणका लागि मानिस जिवित र क्रियाशिल हुनका लागि मानवीय शरीरको मुटु, कलेजो,फोक्सो क्रियाशील भई निश्चित रूपमा रक्त संचार भई मानिस स्वस्थ्य हुनुपर्दछ । त्यसरी नै समाज जिवित र क्रियाशील रहनका लागि सामाजिक, साँस्कृतिक मूल्य र मान्यताहरू प्रणालीका रूपमा चल्नुपर्दछ । सबै समाजको वातावरण एउटै प्रकारको नहुन सक्छ र एउटा वातावरणको प्रणली अर्को वातावरणमा

लागू नहुन पनि सक्दछ । यसरी विद्यालय पनि एउटा निश्चित प्रणालीका आधारमा संचालन भएको हुन्छ । जहाँ लगानी, प्रकृया र उत्पादन रहेको हुन्छ । विद्यालयमा लगानी गरेर मात्र हुँदैन त्यसको प्रभावकारी रूपमा कार्यान्वयन प्रकृया प्रभावकारी भयो भने उत्पादन (परिणाम) पनि प्रभावकारी रूपमा हुन्छ । त्यसैले यस अध्ययनलाई टेलरको वैज्ञानिक व्यवस्थापनको सिद्धान्त र अगष्टे कम्तेको प्रणाली सिद्धान्तसँग सम्बन्धित गरी अध्ययन गरिएको छ ।

## २.३ पुनरावलोकनको उपादेयता

यस शोध प्रस्तावनाको शीर्षकसँग सम्वन्धित सैद्धान्तिक खाकामा उल्लेख गरिएको सिकाइको सिद्धान्तहरू र सम्वन्धित पूर्व साहित्यको अध्ययनबाट निम्नअनुसारको शैक्षिक उपादेयता रहेको छ ।

टेलरको वैज्ञानिक व्यवस्थापनको सिद्धान्त अनुसार कामदार र व्यवस्थापक बीच स्पष्ट कार्य विभाजन हुनु पर्दछ र आफू उम्कने र कामदारलाई दोष दिने परीपाटी त्याग्नु पर्दछ । त्यस्तै वैज्ञानिक ढंगले काम हुने गरी व्यवस्थापक र कामदार बीच आत्मीय सहयोग, सम्बन्ध र सामान्जस्यता स्थापित गर्नु पर्ने सिद्धान्त अनुसार विद्यालयका प्र.अ. व्यवस्थापक र शिक्षण गर्ने शिक्षकहरूलाई कामदारको रूपमा लिइएको छ । प्र.अ. र शिक्षक बीच आत्मीय सहयोग, सम्बन्ध र सामाजस्यता कायम भएको खण्डमा विद्यार्थीको शैक्षिक उपलब्धि वृद्धि गर्न सकिन्छ । विद्यालयको व्यवस्थापकले विद्यालयको शिक्षकहरूको व्यवस्थापन वैज्ञानिक ढंगले गर्नु पर्दछ । शिक्षकहरूलाई वैज्ञानिक ढंगले छान्नु पर्दछ र छानिएका शिक्षकहरूलाई तालिम दिने तथा दक्षतापूर्ण तरिकाले शिक्षण कार्यमा लगाउनु पर्दछ । त्यसरी नै शिक्षकहरूलाई अधिकतम उपलब्धि हासिल गर्ने ढंगले परिचालन गर्नु पर्दछ । र शैक्षिक उपलब्धि वढाउन सहयोग पुऱ्याउने शिक्षकलाई पुरस्कृत गर्ने परिपाटी विकास गर्नु पर्दछ । यसरी विषयगत उपलब्धि वृद्धि गर्न एफ डब्लु टेलरको वैज्ञानिक व्यवस्थापनको सिद्धान्त प्रयोग हुने गर्दछ ।

अगस्ते कम्तेका, अनुसार विद्यालयलाई एउटा प्रणालीको रूपमा लिइएको छ । यसमा लगानी, प्रकृया र उत्पादन हुने गर्दछ । लगानी गरेर मात्र हुँदैन यस प्रणाली भित्रको शिक्षण प्रकृया प्रभावकारी भएमा मात्र परिणाम राम्रो निस्कने हुन्छ । त्यसैगरी वातावरण र  ठाँउ, समाज, रितिस्थिति अनुसार विद्यालयको प्रणाली चलेको हुन्छ । एउटा वातावरणमा संचालन भएको प्रणाली अर्को वातावरणमा फरक हुनेगर्दछ । शैक्षिक उपलब्धिमा पनि ग्रामिण र शहरी वातावरण फरक, त्यहाँको समाजको सामाजिक तत्वहरू फरक हुने हुनाले सबै ठाउँमा एक रूपता आउन नसकेको

हो । यसरी एफ डब्लु टेलरको वैज्ञानिक व्यवस्थापनको सिद्धान्त र अगस्ते कम्तेको संरचनात्मक कार्यवाद वा प्रणाली सिद्धान्त यो शोध पत्रको अध्ययन गर्न प्रयोग भएको छ ।

यस प्रकार शिक्षण सिकाइका माथि उल्लिखित सिद्धान्तहरूको अध्ययनले शोधका लागि प्रश्नावली तयार गर्न साथै व्यवस्थापन तथा शिक्षण अवस्था अध्ययन गर्नका महत्त्वपूर्ण सहयोग पुऱ्याएको छ । सिद्धान्त  शिक्षक र विद्यार्थीको शिक्षण सिकाइ सम्वन्धि यस अघि भएका विभिन्न अध्ययन र अनुसन्धानहरूले यस अध्ययनलाई अघि बढाउन विभिन्न समस्याहरू , सुझाव, र उपायहरू प्राप्त भएका छन ।  यसको सहयोगबाट सामुदायिक र संस्थागत विद्यालयको शिक्षण सिकाइको तुलनात्मक अध्ययन गरी समस्या सामाधान गर्न मद्दत पुर्‍याएको छ ।

# परिच्छेद तीन : अध्ययन विधि

## ३.१. अनुसन्धानात्मक ढाँचा

यो अध्ययनमा मूलत गुणात्मक र परिणात्मक विधिको प्रयोग गरिएको छ। तथ्याङ्क सङ्कलन गर्दा गुणात्मक तथा संख्यात्मक दुवै तरिकाबाट गरिएको छ। जसलाई व्याख्यात्मक विश्लेषणात्मक विधिबाट प्रस्तुत गरिएको छ।

## ३.२ जनसंख्या तथा नमूनाको आकार

यस अध्ययनको जनसंख्याको रूपमा इलाम जिल्लाको दानावारी स्रोतकेन्द्र अर्न्तगत पर्ने सामुदायिक र संस्थागत विद्यालयहरू र ती विद्यालयका प्र.अ. शिक्षक, विद्यार्थी, वि.व्य.स. अध्यक्ष तथा पदाधिकारी, अभिभावक, स्रोतव्यक्ति, यस अध्ययनका जनसंख्याको रूपमा रहेका छन्।

सिमित स्रोत, साधन र समयका कारण सवैक्षेत्रलाई अध्ययनको क्षेत्र वनाउन नसकिने कारणले यस अध्ययनलाई इलाम जिल्लाको दानाबारी स्रोतकेन्द्रमा अवस्थित २ वटा सामुदायिक मा.वि. विद्यालय र २ संस्थागत मा.वि. विद्यालयबाट समानरूपले प्रतिनिधित्व प्रत्येक विद्यालयका प्र.अ./प्रिन्सिपल, वि.व्य.स.अध्यक्षहरू २/२ , वि.व्य.स.का सदस्य ४/४ जना, प्रत्येक विद्यालयका शिक्षक २/२ जना र विद्यार्थीहरू कक्षा ९ र १० बाट २/२ जनाका दरले चावटै विद्यालयबाट ४२ जना यस अध्ययनका निम्ति छनौट गरिएको छ।

### ३.२.१ नमुना छनौट विधि

शिक्षक, विद्यार्थी, व्यवस्थापन समितिको अध्यक्ष तथा समस्य र प्र.अ. लाई नमुनाको छनौट गर्दा उद्देश्यात्मक नमुना छनौट विधि तथा संभावनायुक्त छनौट विधि प्रयोग गरी नमुना छनौट गरिएको छ।

### ३.२.२ नमूना छनौटको आधार

यस अध्ययनलाई पुरागर्नका लागि नमूना छनौटको रूपमा सवैलाई समावेश गरि यो स्रोत केन्द्रमा लक्षित रहि विद्यालयको छनौट गरिएको छ। यस अध्ययनलाई सहजता, सर्वसुलभता, सूचनार संचार प्रक्रियामा रहने सरलता, भौतिक, आर्थिक, सामाजिक पक्षहरूलाई सहज भएको कारणले यस नमूनालाई छनौटको निम्ती उल्लेखित क्षेत्रहरूमा सिमित गरिएको छ स्रोत र

साधनहरूको पनि सङ्कलनमा सहजता र सर्वसुलभता भएकोले यसको छनौट गरिएको छ। यसको छनौटमा अर्को कारणको रूपमा भौगोलिक क्षेत्रको आधारमा जाति, धर्म, लिङगलाई समावेसीकरणका आधारमा मिलाउने गरी यस नमूनालाई छनौटको आधार मानिएको छ।

## ३.३ अनुसन्धानका साधनहरू

यस अध्ययनलाई पुरा गर्नका लागि अध्ययनको उद्देश्य स्रोत, साधन र समय अवधिलाई ध्यान राख्दै तथ्यांकको संकलन गर्नका लागि निम्न लिखित साधानहरूको प्रयोग गरिएको छ।

### क) प्रश्नावली

अनुसन्धानका साधनहरूमा प्रश्नावलीलाई सम्बन्धित शिक्षक, प्र.अ. तथा विद्यार्थी वीचमा प्रश्नावलीको नमुना प्रदान गरिएको छ। जसबाट शिक्षक व्यवस्थापनले सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरू र प्रभावकारी सिकाइमा सहयोग पुऱ्याउने कारक तत्वहरूको पहिचान गर्ने उद्देश्यले प्रयोग गरिएको छ।

### ख) अन्तरवार्ता सूची

अनुसान्धानको साधनहरूमा सम्बन्धित विद्यालयमा गई अन्तरवार्ता सूचीको प्रयोग सम्बन्धित प्र.अ. वि.व्य.स. अध्यक्ष तथा सदस्यसँग गरिएको छ। जसबाट शिक्षक व्यवस्थापनले सिकाइमा आउने फरक स्तर पत्ता लगाइएको छ।

वैध साधनबाट वैध सूचना र जानकारीहरू प्राप्त गर्न सकिन्छ। अनुसन्धानलाई वैध वनाउनका लागि अनुसन्धानको साधनको प्रयोग गरिएको छ। यस अनुसन्धानलाई वैध बनाउनका लागि उक्त अनुसन्धानको लागि तोकिएको वा आफ्नो शोध पत्र निर्देशक ज्यूसँग छलफल गरिएको छ। उक्त छलफल निष्कर्ष र सुझावका आधारमा पुर्नलेखन गरिएको छ साथै आवश्यकता अनुरूप पुरानो शोधपत्रलाई समेत अध्ययन गरिएको छ।

## ३.४ तथ्यांकका स्रोतहरू

यस अध्ययनका उद्देश्यहरूसँग सम्बन्धित सूचना तथा तथ्यांकहरू संकलनका लागि निम्न प्रकारका तथ्यांकका स्रोतहरूको छनौट गरिएका छन्।

### क) प्राथमिक स्रोत

प्राथमिक स्रोत अन्तर्गत शिक्षक, विद्यार्थी, विद्यालय व्यावस्थापन समिति र विद्यार्थीहरूबाट अन्तवार्ता र प्रश्नवालीको प्रयोग गरी सूचना संकलन गरिएको छ। विद्यालयको स्थलगत भ्रमण समेत गरि आवश्यक तथ्यांक संकलन गरिएको छ।

### ख) द्वितीय स्रोत

यस प्रकारको स्रोतबाट विभिन्न प्रकारका प्रकाशित तथा अप्रकाशित प्रतिवेदन तथा लेखहरूबाट संकलन गरिएको छ। जसमा विद्यालय अभिलेख पनि रहेको छ।

## ३.५ तथ्यांक संकलन विधि

यस स्रोत संकलनका लागि अवलोकन, प्रश्नावली, विद्यालय अभिलेख, अन्तवार्ता सूचीको प्रयोग गरिएको छ। जसमा अवलोकन कक्षाकोठामा कक्षा शिक्षण कार्य भइरहेको बेलामा प्रयोग गरिएको छ। प्रश्नावली छलफललाई शिक्षक, प्र.अ. र विद्यार्थी बीच प्रत्यक्ष भेटवार्ता गरी सूचना तथा तथ्यांकहरूको संकलन गरिएको छ। सूचनातथ्यांक संकलन गर्ने प्रक्रियाहरूलाई सरोकारवालाहरूको सहजता अनुरूप सञ्चालन गरिएको छ।

## ३.६ तथ्यांक विश्लेषण विधि

अध्ययनका लागि आवश्यक पर्ने प्राथमिक तथ्यांक अध्ययनकर्ता आफैले प्रश्नावाली वनाई नमूनामा परेका विद्यालयहरूका प्र.अ., शिक्षकसँग राय संकलन गरिएको छ  साथै द्वितीय तथ्यांकको संकलन स्रोतकेन्द्र तथा विद्यालयबाट प्रकाशित तथा अप्रकाशित तथ्यांक संकलन गरी उपलब्ध तथ्यांकको विश्लेषण तथा प्रस्तुतिकरण प्रक्रियामा साधारणतया तालिकीकरण व्याख्या, विश्लेषण गरिएको छ।

# परिच्छेद चार : नतिजा र छलफल

सामुदायिक र संस्थागत माध्यमिक विद्यालयको शिक्षक व्यवस्थापनको अवस्था अध्ययन गर्न, तुलना गर्न र सामुदायिक र संस्थागत विद्यालयको कक्षाकोठा शिक्षण बीच फरक आउनाका कारण पत्ता लगाउने उद्देश्यले छनौटमा परेका विद्यालयका जनसङ्ख्यालाई अन्तर्वार्ता प्रश्नावली भराउनुका साथै विभिन्न शीर्षक अन्तर्गत प्राप्त नतिजालाई व्याख्या र विश्लेषण गरिएको छ ।

## ४.१ शिक्षक व्यवस्थापनको अवस्था

अध्ययनमा रहेका सामुदायिक र सस्थागत माध्यमिक विद्यालयको शिक्षक व्यवस्थापनको अवस्था, प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा सदस्य र विद्यार्थीसंग गरिएको अन्तर्वाता, छलफल र अन्तक्रियाबाट अवस्थाको व्याख्या र विश्लेषण गरिएको छ ।

### ४.१.१ शिक्षा ऐन र नियमावलीअनुसार शिक्षकहरूको व्यवस्था

नेपाल सरकारले शिक्षा सम्बन्धि जारी गरिएको ऐन नियम बमोजिम कक्षा ६ देखि १० सम्म सञ्चालन भएका विद्यालयहरूमा देहाय बमोजिमका ९ जना शिक्षक रहने व्यवस्था गरेको छ ।

क) अङ्ग्रेजी मूल विषय लिई स्नातक तह वा सो सरह उर्त्तीण गरेको एक जना ।

ख) विज्ञान वा गणित मूल विषय लिई स्नातक तह वा सो सरह उर्त्तीण गरेको एक जना ।

ग) नेपाली मूल विषय लिई स्नातक तह वा सो सरह उर्त्तीण गरेको एक जना ।

घ) सामाजिक अध्ययन विषय अध्यापन गर्नको लागि स्नातक तह वा सो सरह उर्त्तीण गरेको एक जना ।

ङ) ऐच्छिक विषयको लागि सम्बन्धित विषयमा स्नातक तह वा सो सारह उर्त्तीण गरेको एक जना ।

च) विज्ञान वा गणित मूल विषय लिई प्रविणता प्रमाणपत्र तह वा सो सरह उर्त्तीण गरेको एक जना

छ) अङ्ग्रेजी मूल विषय लिई प्रविणता प्रमाणपत्र तह वा सो सरह उर्त्तीण गरेको एक जना ।

ज) अन्य विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उर्त्तीण गरेको एक जना ।

शिक्षक नियुक्तिको लागि आवश्यक पर्ने तालिम प्रचलित कानुन बमोजिम हुनेछ । वर्तमान कानुन बमोजिम शिक्षासास्त्र सङ्कायबाट उर्त्तीणलाई तालिम प्राप्त मानिन्छ । अन्य सङ्कायबाट

उत्तीर्ण हुनेले सम्बन्धित विषयमा कम्तिमा एक वर्षको शिक्षण तालिम लिएको हुनु पर्ने व्यवस्था रहेको छ ।

### ४.१.२ सामुदायिक तथा संस्थागत विद्यालयमा शिक्षक व्यवस्थापन

नमुना छनौट गरिएको विद्यालयहरूमा विषयगत रुपमा शिक्षकको संख्या र योग्यता तथा शिक्षकहरूको व्यवस्थापनको अवस्था निम्न रहेको पाइयो ।

तालिका १ : सामुदायिक तथा संस्थागत विद्यालयमा शिक्षक व्यवस्थापन

| विषयहरू | बु.उ.मा.वि. | | सरस्वती मा.वि. | | नवज्योती मा.वि. | | अमृत आवसीय मा.वि. | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | योग्यता | संख्या | योग्यता | संख्या | योग्यता | संख्या | योग्यता |
| अंग्रेजी | १ | एम.एड | १ | वि.एड. | १ | वि.ए. | १ | वि.ए. |
| नेपाली | १ | एड.एड | १ | वि.एड. | १ | वि.एड. | १ | आइ.ए. |
| गणित | १ | वि.एड. | १ | वि.एड. | १ | आ.एस.सी. | १ | आ.एस.सी. |
| विज्ञान | | | | | | | | |
| सामाजिक | २ | वि.एड. | २ | वि.एड. | १ | आइ.ए. | १ | वि.ए. |
| स्वास्थ्य | | | | | | | | |
| इच्छाधिन | ३ | एम.एड. | १ | वि.एड. | १ | वि.ए. | १ | वि.ए. |
| जम्मा | ८ | | ६ | | ५ | | ५ | |

### ४.१.३ विषयगत शिक्षक व्यवस्थापन

सामुदायिक विद्यालयमा अधिकांश शिक्षकहरूको दरबन्दी सरकारी तवरले कायम भएको पाइो । शिषक नियुक्ति प्रक्रिया विषयगत रुपमा हुने व्यवस्था भए पनि ठूलाबडाको दवाव कम्जोर व्यवस्थापन समितिका कारण कति पय विषयमा अन्य विषयका शिक्षक नियुक्ति गरेको पाइयो ।

तालिका २ : विषयगत शिक्षक व्यवस्थापन

| | तह | नेपाली | गणित | सामाजिक | अङ्ग्रेजी |
|---|---|---|---|---|---|
| सामुदायिक विद्यालय | नि.मा. | २ | १ | - | १ |
| | मा.वि. | १ | २ | १ | १ |
| संस्थागत विद्यालय | नि.मा. | १ | २ | - | २ |
| | मा.वि. | १ | २ | - | २ |

त्यस्तै राजनैतिक दवावका कारण प्र.अ. तथा व्यवस्थापन समितिले नियम कानुनमा व्यवस्था भए बमोजिम शिक्षक व्यवस्थापनमा उचित भूमिका निर्वाह गर्न नसकेको पाइयो । संस्थागत विद्यालयमा विषयगत र तालिम प्राप्त शिक्षकका लागि आवश्यक सेवा सर्त र तलबको राम्रो व्यवस्था नभएकोले योग्यता पुगेका शिक्षकहरूको सङ्ख्या कम देखियो । यति हुँदाहुदै पनि शिक्षक उपलब्धि संस्थागत विद्यालयको राम्रो देखिन्छ ।

### ४.१.४ शैक्षिक सामग्रीको व्यवस्थापन

शैक्षिक सामग्रीको प्रयोगबाट शिक्षण गर्दा कठिन विषयवस्तु पनि सरल रूपमा प्रस्तुत गर्न सकिन्छ । विद्यार्थीलाई छिटो र सजिलोसंग शिक्षण गर्न, पढाइतिर आकर्षित गर्न, लामो समयसम्म सिकाइलाई सम्झने सक्ने बनाउन, शिक्षकलाई आफ्नो शिक्षण प्रभावकारी बनाउन सहयोग मिल्दछ । सामुदायिक र संस्थागत माध्यमिक विद्यालयका शिक्षकको शैक्षिक सामग्रीको प्रयोगको अध्ययन अवलोकनबाट प्राप्त जानकारी प्रस्तुत गरिएको छ ।

तालिका ३: शैक्षिक सामग्रीको व्यवस्थापन

| विवरण | सामुदायिक शिक्षक जम्मा संख्या ४-जना | संस्थागत शिक्षक जम्मा संख्या ४-जना |
|---|---|---|
| दैनिक प्रयोगको सामग्री प्रयोग | ४ | ४ |
| पाठ अनुसारको शैक्षिक सामग्री प्रयोग | १ | २ |
| कालोपाटीको प्रयोग | २ | ३ |
| सुनाइको लागि टेपरेकर्डरको प्रयोग | १ | ४ |

स्रोत: स्थलगत सर्वेक्षण २०७०

माथिको तालिका र कक्षा अवलोकनबाट शिक्षणमा सामुदायिक विद्यालयका सबै शिक्षकले दैनिक प्रयोगका शैक्षिक सामग्रीहरू चक, डस्टर र कालो पाटी प्रयोग गरी शिक्षण गर्ने गरेको पाइयो । पाठ अनुसारको शैक्षिक सामग्रीको प्रयोग सामुदायिक विद्यालयका ४ जना शिक्षकमा १ जनाले मात्र प्रयोग गर्ने गरेको पाइयो संस्थागत विद्यालयमा २ जना शिक्षकहरूले प्रयोग गर्ने गरेको पाइयो । कालो पाटीको उपयुक्त प्रयोग सामुदायिक विद्यालयका ४ जना मध्ये २ जना शिक्षकले गर्ने गरेको पाइयो । विद्यार्थीहरूमा सुनाइ सीपको राम्रो विकास गर्नको लागि टेपरेकर्डरको प्रयोग अध्ययनमा रहेका २ ओटा सामुदायिक विद्यालयका शिक्षकमध्ये १जनाले मात्र गरेको पाइयो । सामुदायिक विद्यालयका शिक्षकहरूले विद्यालयमा भएका शैक्षिक सामग्रीहरू पनि शिक्षण सिकाइको सिद्धान्त अनुसार पुनर्बल दिन र विद्यार्थीको सिकाइलाई सवल बनाउन भन्दा प्रयोगका सामग्रीका रूपमा प्रयोग गरेको पाइयो ।

अवलोकनबाट शिक्षणमा संस्थागत विद्यालयका पनि सबै शिक्षकले दैनिक प्रयोगका शैक्षिक सामग्रीको सन्दर्भअनुसार प्रयोग गरी शिक्षण गर्ने गरेको पाइयो । पाठ अनुसारको शैक्षिक सामग्री र शैक्षिक सामग्रीको उपयुक्त प्रयोग बढी मात्रामा गर्ने गरेको पाइयो । संस्थागत विद्यालयका शिक्षकले पाठ्यपुस्तक बाहेकका थप सन्दर्भ सामग्री, प्रश्नपत्र संगालो र शिक्षक निर्देशिकाको प्रयोग तुलनात्मक रूपमा सामुदायिक विद्यालयका शिक्षकले भन्दा बढी प्रयोग गर्ने गरेको पाइयो । कालो पाटीको प्रयोग भने सामुदायिक र संस्थागत दुवै विद्यालयका शिक्षकले बराबर नै प्रयोग गरेको पाइयो । विद्यार्थीहरूमा सुनाइ सीपको राम्रो विकास गर्नको लागि टेपरेकर्डरको प्रयोग अध्ययनमा रहेका २ ओटै संस्थागत विद्यालयका शिक्षकले प्रयोग गर्ने गरेको पाइयो । संस्थागत विद्यालयका शिक्षकहरूले सिकाइको सिद्धान्त अनुसार विद्यालयमा उपलव्ध भए सम्मको शैक्षिक सामग्रीको प्रयोग गरी विद्यार्थीको सिकाइमा पुर्नबल दिन र सिकाइलाई सवल बनाउने कार्यमा प्रयोग गरेको पाइयो ।

सामुदायिक विद्यालयका प्र.अ.का अनुसार " शिक्षकले पढाउँदा कक्षा अवलोकन कहीले काँही मात्र गर्ने गरेको, सरकारी नियकायबाट उपलब्ध गराउने सम्पूर्ण शैक्षिक सामग्री उपलब्ध नहुने हुँदा प्रभावकारी शिक्षण सञ्चालन गर्न नसकिएको र भएको शैक्षिक सामग्रीको कम प्रयोग गरिएको भएता पनि शिक्षकले पढाइ सकेपछि कक्षाका विद्यार्थीहरूलाई पढाएको कुरा बुझे नबुझेको सोधी शिक्षकको मूल्याङ्कन गर्ने, शिक्षकको कमी कमजोरी पत्ता लगाई शिक्षणमा सुधार गर्न लगाउने र स्पष्टीकरण लिने गरिन्छ"।

त्यसैगरी संस्थागत विद्यालयका शिक्षकका अनुसार पाठ्यपुस्तक भित्रको विषयवस्तु पूरा गरी प्रश्नपत्रको संगालो हल गराउने, शैक्षिक सामग्रीको बढी भन्दा बढी प्रयोग गरी शिक्षण गर्ने, विद्यार्थी

कुन विधिको प्रयोग गर्दा छिटो सिक्छन् त्यही विधि प्रयोग गरी सिकाइन्छ । एक संस्थागत मा.वि.का प्रिन्सिपलको यस्तो भनाइ थियो " शिक्षकले पढाउँदा कक्षा अवलोकन गर्ने, शिक्षकले पढाइ सकेपछि कक्षाका विद्यार्थीहरूलाई पढाएको कुरा बुझे नबुझेको सोधी शिक्षकको मूल्याङ्कन गर्ने, शिक्षकको कमी कमजोरी पत्ता लगाई शिक्षणमा सुधार गर्न लगाउने र स्पष्टीकरण लिने गरिन्छ"।

यसरी सामुदायिक र संस्थागत विद्यालयका शिक्षकहरूको शैक्षिक सामग्रीको प्रयोगको तुलनात्मक रूपमा अध्ययन गर्दा सामुदायिक विद्यालयका शिक्षकले भन्दा संस्थागत विद्यालयका शिक्षकले बढी नयाँ-नयाँ र प्रभावकारी शैक्षिक सामग्रीको प्रयोग, पाठ अनुसारको प्रभावकारी शैक्षिक सामग्रीको प्रयोग र विद्यालयमा उपलव्ध भए सम्मको शैक्षिक सामग्रीको प्रयोग गरी प्रभावकारी शिक्षण गर्ने गरेको पाइयो ।

### ४.१.५ शिक्षकको सक्रियता

शिक्षण सिकाइ प्रक्रियालाई प्रभावकारी र दिगो बनाउन शिक्षकको भूमिका प्रमुख रहन्छ । त्यसमा पनि माध्यमिक तहका शिक्षकले शिक्षण सिकाइ प्रभावकारी बनाउन इमान्दार, नैतिकवान, कर्तव्यनिष्ट र नियमित विद्यालयमा उपस्थित भै निरन्तर कक्षा शिक्षणमा तल्लीन रहनु पर्दछ । इलाम जिल्लाको दानाबारी गा.वि.स.को सामुदायिक र संस्थागत माध्यमिक विद्यालयका शिक्षकको उपस्थिति निम्न तालिकाबाट प्रष्ट पारिएको छ ।

तालिका ४: सामुदायिक र संस्थागत माध्यमिक विद्यालयका शिक्षकको उपस्थिति

| विद्यालयको किसिम | विद्यालय खुल्ने पर्ने दिन | विद्यालय खुलेको दिन (औसतमा) | पढाइ भएको दिन (औसतमा) | शिक्षकको उपस्थिति दिन औसतमा |
|---|---|---|---|---|
| सामुदायिक | २२० | १९० | १६० | १७० |
| संस्थागत | २२० | २१५ | २०० | २०० |

स्रोतः स्थलगत सर्वेक्षण २०७०

माथिको तालिका अनुसार सामुदायिक माध्यमिक विद्यालय वर्षमा निम्नतम २२० दिन खुल्नुपर्नेमा १९० दिन खुलेको र १६० दिन पढाइ भएको पाइयो । तर शिक्षकको उपस्थिति भने वर्षमा १७० दिन मात्र भएको पाइयो । संस्थागत माध्यमिक विद्यालयमा भने वर्षमा निम्नतम २२० दिन खुल्नु पर्नेमा २१५ दिन विद्यालय खुलेको र २०० दिन पढाइ भएकोमा शिक्षकको उपस्थिति २०० दिन भएको पाइयो ।

यसरी सामुदायिक र संस्थागत माध्यमिक विद्यालयका शिक्षकहरूको विद्यालयमा उपस्थिति तुलना गर्दा संस्थागत माध्यमिक विद्यालयको शिक्षकको उपस्थिति नियमित र बढी भएको पाइन्छ । यसबाट संस्थागत मा.वि.को शिक्षक बढी सक्रिय भै शिक्षण गर्ने गरेको प्रष्ट हुन्छ ।

सामुदायिक र संस्थागत माध्यमिक विद्यालय तहको शिक्षकको सक्रियता बारेमा गरिएको कक्षा अवलोकनबाट निम्न जानकारी प्राप्त भयो ।

दैनिक गृहकार्य जाँच गर्ने र विद्यार्थीहरूलाई उत्प्रेरणा दिने कार्यमा सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयका शिक्षकहरू बढी सक्रिय रहेको पाइयो । विद्यार्थीहरूलाई मौखिक रूपमा प्रश्न सोध्ने कार्यमा भने सामुदायिक र संस्थागत दुवै विद्यालयका शिक्षकहरू बराबर नै सक्रिय रहेको पाइयो । सामुदायिक र संस्थागत विद्यालयको शिक्षकहरूको सक्रियताको तुलनात्मक रूपमा अध्ययन गर्दा विद्यार्थीहरूको गृहकार्य जाँच गर्ने, विद्यार्थीहरूलाई पढाइको लागि उत्प्रेरणा दिने, विद्यार्थीहरूको प्रश्नको जवाफ खुसी भएर दिने,लिखित रूपमा प्रश्न सोध्ने, विद्यार्थीको ठीक उत्तरलाई पृष्ठपोषण र प्रसंशा प्रदान गर्ने र दैनिक रूपमा गृहकार्य दिने कार्यमा सामुदायिक विद्यालयका शिक्षक भन्दा संस्थागत विद्यालयका शिक्षक बढी सक्रिय रहेको पाइयो ।

## ४.१.६ विद्यार्थीको सक्रियता

शिक्षण सिकाइ क्रियाकलाप शिक्षक र विद्यार्थी बिना सम्भव छैन । विद्यार्थी विनाको सिकाइ निरर्थक हुन्छ । शिक्षण सिकाइ क्रियाकलापमा विद्यार्थीको सक्रिय सहभागिता हुनु आवश्यक छ । विद्यार्थीहरू दैनिक रूपमा विद्यालयमा उपस्थित भई सक्रिय रूपमा शिक्षण सिकाइ क्रियाकलापमा सहभागी हुन सकेनन् भने गुणात्मक शिक्षा र सिकाइ उपलब्धि प्राप्त गर्न सक्दैनन् । शिक्षकको शिक्षण सिकाइ सफल हुनको लागि विद्यार्थीको नियमित उपस्थिति आवश्यक छ । अध्ययनमा रहेका दानाबारी गा.वि.स.का सामुदायिक र संस्थागत माध्यमिक तहको विद्यार्थीको औसत उपस्थिति यस प्रकार रहेको थियो ।

तालिका ५ : सामुदायिक र संस्थागत माध्यमिक विद्यालयको औसत विद्यार्थी उपस्थिति

| विद्यालयको किसिम | जम्मा विद्यार्थी संख्या | दैनिक उपस्थिति औसतमा | दैनिक उपस्थित प्रतिशत |
|---|---|---|---|
| सामुदायिक | ४२५ | ३४० | ८० |
| संस्थागत | २२२ | २११ | ९५ |

स्रोत: स्थलगत सर्वेक्षण, २०७०

माथिको तालिका अनुसार सामुदायिक माध्यमिक विद्यालय तहका कुल ४२५ जना विद्यार्थी मध्ये दैनिक ३४० जना ८० प्रतिशत उपस्थित भएको देखिन्छ । तर संस्थागत माध्यमिक विद्यालयमा कुल २२२ जना विद्यार्थी मध्ये २११ जना ९५ प्रतिशत दैनिक उपस्थित भएको देखिन्छ । तुलनात्मक रूपमा  सामुदायिक माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थी भन्दा संस्थागत माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीको उपस्थिति प्रतिशत बढी देखिन्छ ।

सामुदायिक माध्यमिक विद्यालयका विद्यार्थीहरूकाअनुसार उनीहरूमध्ये धेरैजसोका अभिभावक अशिक्षित र गरीब किसान भएका कारण शिक्षाको महत्व राम्ररी नबुझेकोले घरको काम, खेतीपातीको काम र कापीकलम र पाठ्यपुस्तक किन्नका लागि अरूको भारी बोक्ने र ज्यालादारी काम गर्नु पर्ने भएकोले नियमित विद्यालयमा उपस्थित हुन सक्दैनन् ।

### ४.१.७ कक्षाको वातावरण व्यवस्थापन

विद्यालयको भौतिक पूर्वाधार जुटाई आवश्यक व्यवस्थापन गर्ने जिम्मेवारी विद्यालय व्यवस्थापन समितिको हो भने कक्षाकोठा भित्रको वातावरण शान्त, सफा र स्वस्थ्य पार्ने शिक्षकको जिम्मेवारी हो । कक्षाकोठामा सजिलोसंग बस्ने व्यवस्था, कक्षाकोठाको सरसफाई, हल्ला नियन्त्रण गरी शिक्षण सिकाइ क्रियाकाप सञ्चालन गर्न सामुदायिक र संस्थागत विद्यालयका शिक्षकले निभाएको भूमिका विश्लेषण गरिएको छ ।

सामुदायिक माध्यमिक विद्यालयको अवलोकनबाट विद्यालयमा उपयुक्त कक्षाकोठा नभएको, विद्यार्थी संख्या अनुसार कक्षाकोठा साना र कच्ची त्यसमा पनि धुलैधुलो र फोहोर भएको देखिन्छ । सामुदायिक  विद्यालयमा विद्यार्थी संख्याअनुसार पर्याप्त पक्की र उपयुक्त फर्निचरको अभाव रहेको , सबै विद्यालयमा छात्राहरूको लागि भने अलग लाइनको बस्ने व्यवस्था भएको, सबै विद्यालयको भुईं कच्ची माटो र धुलो भएको, दैनिक सरसफाइको व्यवस्था नभएकोले कक्षाकोठा फोहोर भएको पाइयो । विद्यार्थी संख्या बढी भएको र धेरैजसो विद्यार्थीहरू शिक्षकले पढाएको विषयवस्तुमा ध्यान नदिई गफ र हल्ला गरेर बस्ने हुँदा कक्षाको पछाडि बस्ने विद्यार्थीले विषयवस्तु राम्रोसंग सुन्न र बुझ्न नसकेको पाइयो । कक्षाकोठामा उपयुक्त ठाउँमा झ्याल नभएकोले आवश्यक मात्रामा प्रकाश र हावाको अभाव हुनाको साथै पछाडिका सीटमा बस्ने विद्यार्थीले कालोपाटीमा लेखेको अक्षर राम्रोसंग देख्न नसकेको पाइयो । यसबाट बसाइ व्यवस्थापन सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयको सहज देखियो ।

सामुदायिक विद्यायलको कक्षाको वातावरण सम्वन्धमा एक सामुदायिक मा.वि.को अङ्ग्रेजी विषयको शिक्षकको भनाई थियो “कक्षामा ७१ जना विद्यार्थी छन् । विद्यार्थीहरूको हल्लाले गर्दा पछाडिको बेन्चमा बस्ने विद्यार्थीहरूले पढाएको कुरा राम्रोसंग सुन्न र बुझ्न सक्दैनन्” ।

संस्थागत विद्यालयको कक्षाकोठाको अवलोकनबाट विद्यालयको कक्षाकोठामा विद्यार्थी संख्या थोरै भएको र विद्यार्थी संख्या अनुसार कक्षाकोठा उपयुक्त र पक्की भएको पाइयो । विद्यार्थी संख्या अनुसार आवश्यक मात्रमा फर्निचर डेस्क बेन्चको व्यवस्था गरेको पाइयो । नवज्योति मा.वि. मा बाहेक अरू विद्यालयमा छात्र छात्राको लागि भिन्नै सीटको व्यवस्था गरेको पाइयो । संस्थागत विद्यालयको भवन र भुईं समेत पलाष्टर र ढलान गरको हुँदा  माटो धुलो धेरै नभएको र दैनिक रूपमा सफा गर्ने परिचरको समेत व्यवस्था भएकोले कक्षाकोठा सफा र राम्रो भएको देखिन्छ । संस्थागत विद्यालयमा विद्यार्थी संख्या थोरै र अनुशासित भएकोले शिक्षकले पढाएको विषयवस्तु सवैले राम्रोसंग सुन्ने र बुझ्ने गरेको पाइयो तर बजारको नजिकै विद्यालय भएकोले बाहिरको हल्लाले असर गरको र विद्यालयको कक्षाकोठा सबैमा उपयुक्त प्रकाश र हावा भने नभएको तर सबै विद्यालयको अधिकांश कक्षाकोठामा गर्मी समयमा पंखाको व्यवस्था गरेको पाइयो ।

कक्षाकोठाको वातावरण सम्वन्धमा संस्थागत विद्यालयका शिक्षकहरूकाअनुसार एउटा कक्षामा २५-३० जना भन्दा बढी विद्यार्थी नराखिने र विद्यार्थीहरू अनुशासित भई पढाएको कुरा ध्यान दिएर सुन्ने र बुझ्ने गर्दछन ।

संस्थागत र सामुदायिक विद्यालयको कक्षाकोठाको वातावरणको तुलनात्मक रूपमा अध्ययन गर्दा सामुदायिक विद्यायमा उपयुक्त कक्षाकोठा नभएको, आवश्यकता अनुसार फर्निचर र सरसफाइको कमी रहेको, कक्षामा हल्ला हुने र कक्षा नियन्त्रण नभएको पाइयो भने संस्थागत विद्यालयमा उपयुक्त कक्षाकोठा, आवश्यकता अनुसार फर्निचर र सरसफाइको व्यवस्था गरको र कक्षाकोठामा हल्ला नभइ कक्षा नियन्त्रित भएको पाइयो ।

## ४.२ शिक्षक व्यवस्थापनले सिकाइमा फरक आउनाका कारणहरू

नेपाल सरकारको ठुलो लगानी रहेको सामुदायिक विद्यालय र निजी व्यक्तिहरूको मात्र लगानी रहेको संस्थागत विद्यालयको शिक्षण सिकाइ बीच भिन्नता र शिक्षाको गुणस्तर र सिकाइ उपलब्धिमा अन्तर रहेको छ । सामुदायिक र संस्थागत विद्यालयसंग सम्वन्धित प्र.अ.शिक्षक, विद्यार्थी र विद्यालय व्यवस्थापन समितिको अध्यक्षसंगको अन्तर्वार्ता, छलफल र कक्षा अवलोकनबाट यी विद्यालयको शिक्षण सिकाइमा फरक आउनाका विभिन्न कारणहरू रहेको पाइन्छ ।

### ४.२.१ शिक्षक व्यवस्थापनमा समिति र प्रशासनको भूमिका

सामुदायिक माध्यमिक विद्यालयको व्यवस्थापन समिति र प्रशासनले विद्यालयको व्यवस्थापन, सञ्चालन र रेखदेखमा चासो नदिने गरेको पाइयो । विद्यालय व्यवस्थापन समितिले विद्यालयमा शिक्षक विद्यार्थी नियमित आए नआएको, शिक्षकले कसरी अध्यापन गराएका छन् र विद्यार्थीले कसरी अध्ययन गरेका छन् भन्ने बारेमा कुनै चासो नदिएको पाइयो । विद्यालय व्यवस्थापन समितिलाई विद्यालय सञ्चालनमा सहयोग र सल्लाह दिनको लागि गठन भएको शिक्षक अभिभावक संघको वर्षमा १ पटक बैठक बाहेक अरू कुनै भूमिका रहेको पाईंदैन । विद्यालयको प्र.अ.मा पनि के कसरी आफ्नो विद्यालयलाई अरू विद्यालय भन्दा राम्रोसंग चलाउने र शिक्षण सिकाइलाई प्रभावकारी वनाउने भन्ने सोच र सक्रियता नरहेको पाइयो जसले गर्दा शिक्षक व्यवस्थापन प्रभावकारी नहुने गरेको पाइयो ।

सामुदायिक विद्यालयको प्रशासकीय अधिकृतको रूपमा प्र.अ. भएता पनि प्र.अ.ले आफ्नो भूमिका प्रष्ट निभाउन नसकेको पाइयो । प्र.अ.ले विद्यालयमा शिक्षक विद्यार्थीको अनियमितता र लापरवाही रोक्ने, शिक्षक विद्यार्थीलाई अनुशासनमा राख्ने, शिक्षण सिकाइ कार्यमा सक्रिय पार्ने, नियम कानुन पालना गराउने पक्षमा नियन्त्रण गर्न नसकेको र नगरेको पाइयो । प्र.अ.ले विद्यालयको सम्वद्ध पक्षहरूलाई परिचालन, निर्देशन, नियन्त्रण र कारवाही गर्न नसकेको कारण शिक्षण सिकाइ सफल र प्रभावकारी हुन नसकेको देखिन्छ ।

सामुदायिक माध्यमिक विद्यालयका प्र.अ.हरूकोअनुसार व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, शिक्षक र विद्यार्थीले विद्यालयको व्यवस्थापन र सञ्चालनमा आवश्यक परे जति सहयोग र वास्ता गर्दैनन् त्यसकारण पनि शिक्षक व्यवस्थापनमा सुधार आउन नसकेको हो ।

संस्थागत विद्यालयको अवलोकन र सरोकारवालाहरूसंगको अन्तर्वाता सूची तथा प्रश्नावलीबाट संस्थागत विद्यालयको संस्थापक र लगानीकर्ताहरू नै विद्यालय व्यवस्थापन समितिमा रहने हुँदा कसरी आफ्नो विद्यालय अरू विद्यालय भन्दा राम्रोसंग चलाउने र इज्जत राख्ने भन्ने सोच रहेको पाइयो । विद्यालय राम्रोसंग नचलेमा आफ्नो लगानी खेर जान सक्ने भएकोले पनि व्यस्थापन समिति बढी सक्रिय रहेको पाइयो ।  संस्थागत विद्यालयको व्यवस्थापन सक्रिय रूपले भएकोले विद्यालयको शिक्षक व्यवस्थापन सुधार गर्न व्यवस्था मिलाउने, रेखदेख गर्ने, शिक्षक विद्यार्थी नियमित विद्यालय आएको नआएको बुझ्ने, शिक्षकले कसरी पढाएका छन र विद्यार्थीले कसरी पढेका सिकेका छन भन्ने बारेमा चासो दिने र कमी कमजोरी भए तत्काल सुधार गर्न लगाउने गरेको

पाइयो । विद्यालयका प्रिन्सिपलले पनि विद्यालय व्यवस्थापन समिति र संस्थापकहरूको हरेक प्रयासमा साथ दिई सक्रिय भएर विद्यालयको शिक्षण सिकाइ कार्यलाई प्रभावकारी वनाउन लागी परेको देखिन्छ ।

संस्थागत विद्यालयका एक प्रिन्सिपलका अनुसार विद्यालयको संस्थापक र व्यवस्थापन समितिले विद्यालयको शिक्षक व्यवस्थापनमा साथ दिने गरेकोले शिक्षण सिकाइ बढी प्रभावकारी भएको हो । सामुदायिक माध्यमिक विद्यालयका प्र.अ.हरूको अनुसार शिक्षकहरू प्र.अ.को निर्देशन र नियन्त्रणमा रहेर काम गर्न चाहदैनन् । विद्यार्थीहरूलाई अनुशासनमा राख्ने जिम्मा सम्वन्धित कक्षा शिक्षक र शिक्षकहरूलाई दिएको र आफूहरूले सबै कुरा हेर्न नभ्याउने भएको कारण शिक्षण सिकाइ प्रभावकारी हुन सकेको हो ।

सामुदायिक माध्यमिक विद्यालयको शिक्षक व्यवस्थापनभन्दा संस्थागत माध्यमिक विद्यालयको शिक्षक व्यवस्थापन बढी प्रभावकारी भएकोले, विद्यालयको व्यवस्थपनमा व्यवस्थापन समिति र प्र.अ. बढी सक्रिय भएर लागी परेकाले सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयको शिक्षण सिकाइ प्रभावकारी भएको पाइयो ।

### ४.२.२ विद्यालय सञ्चालन र अध्यापन हुने दिन

अध्ययनमा रहेका सामुदायिक माध्यमिक विद्यालयको हाजिरबहीको अध्ययनबाट वर्षभरिमा औसतमा १९० दिन विद्यालय खुल्ने गरेको र शिक्षण सिकाइ क्रियाकलाप अध्यायन अध्यापन भएको दिन १६० मात्र रहेको र त्यसमा पनि शिक्षक विद्यार्थी नियमित भएर शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन हुने दिन औसतमा १७० दिन मात्र रहेको देखिन्छ ।

सामुदायिक विद्यालयका प्र.अ.हरूको अनुसार विद्यालय खुल्ने दिन पनि कम भएको र खुलेको दिनमा पनि शिक्षक विद्यार्थी नियमित उपस्थित नहुने भएकोले वास्तविक रूपमा शिक्षण सिकाइ हुँने दिन कम भएकोले पनि शिक्षण सिकाइ उपलव्धी कम भएको र अङ्ग्रेजी विषयको शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा शैक्षिक सामग्रीको प्रयोग कम गर्ने हुदा अङ्ग्रेजी विषयको शिक्षण सिकाइ उपलब्धि कम हुने गरेको पाइयो ।

संस्थागत माध्यमिक विद्यालयको हाजिर बहीको अध्ययनबाट वर्षभरिमा औसतमा २१५ दिन विद्यालय खुल्ने गरेको र शिक्षण सिकाइ क्रियाकलाप पढाइ लेखाइ भएको दिन २०० रहेको र शिक्षक विद्यार्थी नियमित भएर पढाइ लेखाइ शिक्षण सिकाइ गर्ने दिन औसतमा २०० दिन रहेको देखिन्छ । संस्थागत विद्यालयका शिक्षकहरूको अनुसार विद्यालयमा अध्यायन अध्यापन हुने दिन पनि बढी भएको र शिक्षक विद्यार्थीको उपथिति पनि बढी नियमित भएको र शैक्षिक सामग्रीको प्रयोग

गरी शिक्षण क्रियाकलाप सञ्चालन गर्ने भएको कारणले पनि अङ्ग्रेजी विषयको शिक्षण सिकाइ उपलव्धी बढी भएको पाइयो ।

यसरी सामुदायिक र संस्थागत विद्यालयको विद्यालय सञ्चालन र पढाइ हुने दिनको तुलना गर्दा सामुदायिक माध्यमिक विद्यालयमा भन्दा संस्थागत माध्यमिक विद्यालयमा वर्षमा औसतमा ४० दिन बढी शिक्षण सिकाइ क्रियाकलाप भएको देखिन्छ । शैक्षिक सामग्रीको प्रयोग सामुदायिक विद्यालयमा भन्दा संस्थागत विद्यालयमा बढी प्रयोग गरिने भएकोले पनि सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयको शिक्षण सिकाइ भएको दिन बढी भएकोले पनि अङ्ग्रेजी विषयको सिकाइ उपलव्धी बढी राम्रो भएको देखिन्छ ।

### ४.२.३ शिक्षक व्यवस्थापनमा प्र.अ.को भूमिका

सामुदायिक विद्यालयमा सरकारले शिक्षकको तलव भत्ता, मसलन्द, प्रशासनिक खर्च र छात्रवृतिको लागि अनुदान प्रदान गर्ने गरेको र सामुदायिक विद्यालयमा अधिकांश किसान र गरीब अभिभावकहरूका छोरा छोरी पढने हुँदा अभिभावकका विद्यार्थीहरूको अध्यायनको लागि आर्थिक लगानी नगरिएको, अभिभावकले कापी कलम, भर्ना र परीक्षा शुल्कमा मात्र खर्च गरे पुग्छ । आफ्नो लगानी र परिश्रम नपरेकोले सामुदायिक विद्यालयका अभिभावकको विद्यालय र विद्यार्थीको अध्यायन अध्यापन प्रति चासो नभएको पाइन्छ । आफ्नो छोरा छोरीको परीक्षाको नतिजा बुझ्नको लागि विद्यालयले पत्र पठाउँदा समेत अभिभावक विद्यालयमा उपस्थित भई नतिजा कस्तो छ  बुझ्दैनन्, अन्तिम परीक्षाको परीक्षाफल पछि अनुत्तीर्ण भएमा उत्तीर्ण गरीदिन भन्न जाने गरेको अभिभावकहरूबाट जानकारी पाइयो ।

संस्थागत विद्यालयका प्र.अ.हरूको भनाइ अनुसार विद्यालयले अभिभावक भेला बोलाउँदा समेत अभिभावकहरू विद्यालयमा आउने र विद्यार्थीहरूको सिकाइ उपलव्धीको बारेमा सोध्ने र बुझ्ने गर्दछन । त्यसकारण विद्यार्थीहरू पढाइमा सक्रिय रहन्छन् ।

संस्थागत विद्यालय विद्यार्थीको शुल्कको भरमा चल्ने र यस्तो विद्यालयमा कर्मचारी, व्यापारी र सम्पन्न परिवारका छोरा छोरी अध्ययन गर्दछन् । संस्थागत विद्यालयमा अभिभावकको ठूलो आर्थिक लगानी परेको र अभिभावक शिक्षित भएकाले गर्दा आफुले गरेको लगानीअनुसार छोरा छोरी नियमित विद्यालय गए नगएको, गृहकार्य गरे नगरेको र परीक्षाको नतिजा कस्तो छ भनि बुझ्नको लागि विद्यालयमा बेला बेलामा जाने, बुझ्ने र आवश्यक सबै कुराको जानकारी लिने गरेको पाइयो । संस्थागत माध्यमिक विद्यालयको प्रिन्सिपलहरूको भनाइ अनुसार अभिभावकहरू बेला बेलामा

विद्यालयमा आई आफ्नो छोरा छोरीको पढाइको बारेमा बुझ्ने र परीक्षाको नतिजा ग्रहण गर्न सबै अभिभावक विद्यालयमा आउने गरको र कमी कमजोरी भएमा सुधार गर्न लगाउँछन, त्यसकारण पनि विद्यार्थीको पढाइ लेखाइ राम्रो भएको हो ।

यसरी विद्यार्थीहरूको शिक्षामा अभिभावकककको लगानी, विद्यालय र विद्यार्थीको पढाइप्रतिको चासो सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयमा बढी भएको , जहा बढी लगानी रहेको छ अभिभावकले चासो र सक्रियता दिने गरेकाले पनि विद्यार्थीहरूको शिक्षण सिकाइ तथा शिक्षक व्यवस्थापनमा संस्थागत विद्यालयमा राम्रो र प्रभावकारी भएको देखिन्छ । संस्थागत विद्यालयका अभिभावकले शिक्षाको महत्व बुझेको र आवश्यक सबै कुराको व्यवस्था गरिदिने हुँदा विद्यार्थीहरूको अध्ययन अध्यापनमा समस्या नभएको पाइन्छ ।

## ४.२.४ व्यवस्थापन मूल्याङ्कन प्रणाली

सामुदायिक विद्यालयमा प्रथम त्रैमासिक, द्वितीय, त्रैमासिक र अन्तिम परीक्षा सञ्चालन गरी विद्यार्थीको निर्णयात्मक मूल्याङ्कन प्रणालीबाट मात्र मूल्याङ्कन गर्ने गरेको पाइयो । अध्ययनमा रहेका विद्यालयमा एकाइ परीक्षा र मासिक परीक्षा लिई निर्माणात्मक र सुधारात्मक मूल्याङ्कन गर्ने गरेको पाइएन । यसरी निर्णयात्मक परीक्षाबाट मात्र मूल्याङ्कन गर्दा विद्यार्थीले आफ्नो कमी कमजोरी सुधार गर्ने मौका नपाउने र अभ्यासको कमी भई अङ्ग्रेजी विषयको सिकाइ उपलव्धी कम प्राप्त गरेको पाइयो ।

संस्थागत माध्यमिक विद्यालयमा भने ३ पटक त्रैमासिक र वर्षको अन्तमा अन्तिम परीक्षा लिई निर्णयात्मक मूल्याङ्कन गर्ने गरेको र प्रत्येक कक्षा र विषयमा एकाइ परीक्षा र मासिक परीक्षा गरी विद्यार्थीहरूको निर्माणात्मक र सुधारात्मक मूल्याङ्कन गरी कमी कमजोरी सुधार गर्न लगाउँदै नमुना प्रश्न पत्र समेतको बढी अभ्यास गराउने गरेको जानकारी प्राप्त भयो । यसबाट विद्यार्थीहरूको अङ्ग्रेजी विषयको सिकाइ उपलव्धी राम्रो रहेको जानकारी प्राप्त भयो ।

यस प्रकार सामुदायिक माध्यमिक विद्यालयमा भन्दा संस्थागत माध्यमिक विद्यालयमा बढी पटक परीक्षा गर्ने, निर्माणात्मक र निर्णयात्मक दुबै परीक्षा गरी विद्यार्थीहरूको कमी कमजोरी सुधार गर्ने, र प्रशस्त मात्रमा अभ्यास गर्ने मौका दिएको, एकाइ र मासिक परीक्षा गर्ने गरेको हुँदा परीक्षा र मूल्याङ्कन प्रणालीमा भएको भिन्नताबाट पनि सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयको अङ्ग्रेजी विषयको शिक्षण सिकाइ उपलव्धीमा फरक आएको देखिन्छ ।

## ४.३ शिक्षक व्यवस्थापनका समस्याहरू र समाधानका उपायहरू

विद्यालयको शिक्षण सिकाइ प्रक्रियामा विभिन्न समस्याहरू रहेका छन् । केही समस्याहरू सबै विद्यालयमा समान किसिमको रहेको पाइन्छ भने केही समस्याहरू विद्यालय पिच्छे फरक फरक रहेको पाइन्छ । सामुदायिक र संस्थागत विद्यालयहरूको पनि केही समस्याहरू समान रहेको पाइन्छ भने केही समस्याहरू फरक खालका भएको पाइन्छ । त्यसैगरी समस्या सामाधानका उपायहरू पनि विद्यालयको किसिम र समस्याअनुसार फरक फरक हुन सक्छ । अध्ययनमा रहेका सामुदायिक र संस्थागत विद्यालयको समस्या र सामाधानका उपायहरू निम्नानुसार प्रस्तुत गरिएको छ ।

### ४.३.१ शिक्षक व्यवस्थापनका समस्याहरू

संस्थागत तथा सामुदायिक माध्यमिक विद्यालयको अवलोकनमा प्र. अ.शिक्षक, वि.व्य स. अध्यक्ष र विद्यार्थीसंगको अन्तरवार्ताबाट प्रभावकारी रूपमा शिक्षक व्यवस्थापन गर्नको निम्नानुसार समस्याहरू रहेको  पाइयो ।

क) विषयत शिक्षक समयमा नियुक्त हुन नसक्नु ।

ख) विषयगत र दक्ष शिक्षकको अभावमा शिक्षक सिकाइ क्रियाकलाप पूरा गर्न नसक्नु ।

ग) दक्ष शिक्षक भन्दा आफ्नो मान्छेले जागिर पाउनु पर्ने सामाजिक भावना रहेको पाइन्छ ।

घ) विद्यालयमा भएका शिक्षकहरूले पनि प्र.अ. र वि.व्य.स.को भूमिका कमजोर रहेकोले आफ्नो जिम्वारी पूरा नगर्ने गरेको पाइन्छ ।

ङ) शिक्षण सिकाइका लागि आवश्यक पर्ने शैक्षिक तथा भौतिक वातावरण उपयुक्त नहुनु ।

च) संस्थागत विद्यालयमा न्यून तलब भएको कारण आश्यक शैक्षिक योग्यता भएका शिक्षकहरू नहुनु ।

छ) संस्थागत विद्यालयमा जागीरको निश्चितता नहुनु ।

ज) संस्थागत विद्यालयमा सञ्चालकहरूको मानिस शिक्षकमा नियुक्त हुनु ।

झ) सरकारी व्यवस्थापन तथा शिक्षण सिकाइमा भूमिका कम रहनु ।

### ४.३.२ शिक्षक व्यवस्थापनका समस्या समाधान गर्ने उपायहरू

क) सरकारले विषयत शिक्षक समयमा नै  नियुक्त गर्नु पर्ने  ।

ख) दक्ष तथा तालिम प्राप्त शिक्षकहरू पर्याप्त मात्रामा विद्यालयमा नियुक्ति गरी सिकाइ क्रियाकलाप पूरा पर्ने ।

ग) शिक्षक नियुक्ति गर्दा स्वच्छ रूपमा गर्ने पर्ने जहाँ भष्टचार, नातावाद र भाइचारीको कार्य रोक्नु पर्ने ।

घ) विद्यालयमा भएका शिक्षकहरूले पनि प्र.अ. र वि.व्य.स.को भूमिका सक्रिय बनाई शिक्षकलाई जिम्मेवारी पूर्व कार्य गर्न लगाउने ।

ङ) शिक्षण सिकाइका लागि आवश्यक पर्ने शैक्षिक तथा भौतिक वातावरण उपयुक्त निर्माण गरी शिक्षकको कार्यमा सहज बनाउने ।

च) संस्थागत विद्यालयमा आकर्षक तलब उपलब्ध गराई आश्यक शैक्षिक योग्यता भएका शिक्षकहरू नियुक्ति गर्नु पर्ने ।

छ) संस्थागत विद्यालयमा जागीरको निश्चितता गर्ने ।

ज) संस्थागत विद्यालयमा सञ्चालकहरूको मानिस शिक्षकमा नियुक्त  गर्नु भन्दा पनि योग्यता र क्षमताको आधारमा शिक्षक नियुक्ति गर्नु पर्ने ।

झ) सरकारी व्यवस्थापन तथा शिक्षण सिकाइमा भूमिका सक्रिय बनाउनु पर्ने ।

# परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरू

यस परिच्छेदमा अघिल्लो परिच्छेदमा तथ्याङ्कको विश्लेषबाट प्राप्त भएको जानकारीको आधारमा प्राप्ति, निष्कर्ष र सुझाव दिने काम गरिएको छ ।

## ५.१ प्राप्ति

सामुदायिक विद्यालयमा अधिकांश शिक्षकहरूको दरबन्दी सरकारी तवरले कायम भएको पाइो । शिषक नियुक्ति प्रक्रिया विषयगत रुपमा हुने व्यवस्था भए पनि ठूलाबडाको दवाव कम्जोर व्यवस्थापन समितिका कारण कति पय विषयमा अन्य विषयका शिक्षक नियुक्ति गरेको पाइयो । राजनैतिक दवावका कारण प्र.अ. तथा व्यवस्थापन समितिले नियम कानुनमा व्यवस्था भए बमोजिम शिक्षक व्यवस्थापनमा उचित भूमिका निर्वाह गर्न नसकेको पाइयो । संस्थागत विद्यालयमा विषयगत र तालिम प्राप्त शिक्षकका लागि आवश्यक सेवा सर्त र तलबको राम्रो व्यवस्था नभएकोले योग्यता पुगेका शिक्षकहरूको सङ्ख्या कम देखियो । यति हुँदाहुदै पनि शिक्षक उपलब्धि संस्थागत विद्यालयको राम्रो देखिन्छ ।

संस्थागत माध्यमिक विद्यालयको शिक्षक जिम्मेवारी वहन गर्नु पर्ने मानसिकताबाट कर्तव्य बोधको कारण बढी राम्रो र प्रभावकारी भएको पाइयो । कक्षाकोठा शिक्षण गर्दा सामुदायिक माध्यमिक विद्यालयका शिक्षकले बढी मात्रामा शिक्षक केन्द्रित व्याख्यान र परंपरागत अनुवाद विधिको प्रयोग गरी शिक्षण गर्ने गरेको तर संस्थागत विद्यालयका शिक्षकले बढी मात्रामा विद्यार्थी केन्द्रित शिक्षण विधि छलफल, अभ्यास, प्रश्नोत्तर र अन्तक्रिया विधिको प्रयोग गरी शिक्षण गर्ने गरेको पाइयो । सामुदायिक माध्यमिक विद्यालयका शिक्षकले भन्दा संस्थागत माध्यमिक विद्यालयका शिक्षकले बढी नया नया र उपयुक्त शैक्षिक सामग्रीको प्रयोग र विद्यालयमा उपलव्ध भए सम्मको शैक्षिक सामग्री प्रयोग गरी शिक्षण गर्ने गरेको पाइयो ।

सामुदायिक विद्यालयको शिक्षकको भन्दा संस्थागत विद्यालयको शिक्षकको सक्रियता बढी भएकोले संस्थागत विद्यालयको शिक्षण सिकाइ बढी राम्रो र प्रभावकारी भएको पाइयो । सामुदायिक विद्यालयका शिक्षकले भन्दा संस्थागत विद्यालयका शिक्षकले बढी मात्रामा शैक्षिक सामग्रीको प्रयोग गरी शिक्षण गरेकोले शिक्षण सिकाइ बढी सरल र प्रभावकारी भएको पाइयो । सामुदायिक विद्यालयका विद्यार्थीहरू भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरू बढी नियमित हुने, सक्रिय भएर शिक्षण सिकाइ कार्यमा भाग लिने, पढाएको ध्यान दिएर सुन्ने र बुझ्ने गरेको कारण शिक्षण सिकाइ कार्यमा राम्रो प्रगति गरेको पाइयो ।

सामुदायिक विद्यालयमा भन्दा संस्थागत विद्यालयमा बढी पटक परीक्षा हुने, निर्णयात्मक र निर्माणात्मक परीक्षा, एकाइ र मासिक परीक्षा गरी बढी अभ्यास र सुधार गराउने हुँदा सिकाइ उपलव्धीमा सकारात्मक फरक आएको पाइयो । सामुदायिक विद्यालयको भवन, कक्षाकोठा कच्ची र उपयुक्त नभएको, फर्निचरको आवश्यकता अनुसार व्यवस्था गर्न नसकेको पाइयो । तर  शिक्षकको तालिम, अनुभव, तलव, भत्ता आदि सेवा सुविधा संस्थागत विद्यालयको भन्दा सामुदायिक विद्यालयको शिक्षकको राम्रो र बढी भएको पाइयो ।

## ५.२ निष्कर्ष

सामुदायिक र संस्थागत माध्यमिक विद्यालयको शिक्षक व्यवस्थापन तथा शिक्षण सिकाइको तुलनात्मक रूपमा अध्ययन गर्दा संस्थागत माध्यमिक विद्यालयको शिक्षकको कार्यकुशलता, नियमितता, उत्तरदायित्व, सक्रियता र शिक्षण सिकाई प्रभावकारी र राम्रो भएको छ । पाठको सुरूवात, विषयवस्तुको शिक्षण, शिक्षण विधिको उपयुक्त प्रयोग, शैक्षिक सामग्रीको उपयुक्त प्रयोग, कक्षाकोठा व्यवस्थापन, सिकाइमा विद्यार्थीको सक्रिय सहभागिता र पाठको अन्त्य जस्ता शिक्षण सिकाइ क्रियाकलापमा संस्थागत विद्यालयको शिक्षकको भूमिका प्रभावकारी रहेको छ ।

विद्यालयमा पक्की भवन, उपयुक्त कक्षाकोठा, फर्निचरको उचित व्यवस्था सामुदायिक विद्यालयले आवश्यकता अनुसार गर्न सकिएन । नेपाल सरकार शिक्षा मन्त्रालयले सामुदायिक विद्यालयको भवन र कक्षाकोठा निर्माण, कक्षाकोठा पुननिर्माण र मर्मत संभारको लागि सहयोग गर्दै आएको भएता पनि विद्यालयको व्यवस्थापन समिति र प्र.अ. सक्रिय भएर सम्वन्धित निकायमा पहल नगर्ने, जिम्मेवारीबाट पन्छने गरेको कारण विद्यालयमा पक्की भौतिक पूर्वाधारको उचित व्यवस्था गर्न सकेको छैन ।

सामुदायिक विद्यालयको जिम्मेवार व्यक्तिहरू प्रधानाध्यपक, विद्यालय व्यवस्थापन समिति, शिक्षक र अभिभावकहरूको विद्यालयप्रतिको मायाँ र उत्तरदायित्व वहन गर्ने क्षमताको कमी र निश्क्रियताले विद्यालयको शिक्षण सिकाइको व्यवस्थापन कमजोर रहेको छ । प्र. अ. वि.व्या.स., वि.नि.र स्रोत व्यक्तिले नियमित र राम्रो शिक्षण गर्ने शिक्षक र अनियमित र राम्रो शिक्षण नगर्ने शिक्षकको सही मूल्याङ्कन नगर्ने, दण्ड र पुरस्कारको व्यवस्था नहुँदा कतिपय शिक्षकमा विद्यालय नियमित गएर नपढाए पनि तलव खान पाइन्छ भन्ने गलत धारणा बसेकोले नियमित विद्यालय नआउने र आएको दिन पनि ठीक समयमा कक्षामा प्रवेश गरी सक्रिय भएर शिक्षण नगर्ने प्रवृति पाइयो भने अर्कोतर्फ पेशाप्रति प्रतिबद्ध भई नियमित विद्यालय आउने र शिक्षण गर्ने इमान्दार, योग्य

र दक्ष शिक्षकको समेत सही मूल्याङ्कन नहुँदा निरास र निश्क्रिय भई शिक्षण सिकाइ प्रभावकारी नभई शैक्षिक उपलव्धीमा कमी आएको छ ।

गरीब, किसान, पिछडिएका, अशिक्षित जनताका छोराछोरी  सामुदायिक विद्यालयमा पढने हुँदा उनीहरूका छोराछोरीले घरको काम पनि गर्न पर्ने हुँदा नियमित विद्यालयमा जान, गृहकार्य गर्न फुर्सद नहुने, आवश्यक शैक्षिक सामग्री किन्न समेत नसक्ने हुँदा  सामुदायिक माध्यमिक विद्यालयको शिक्षण सिकाइ कमजोर भएको देखिन्छ । त्यसको विपरित संस्थागत विद्यालयमा व्यापारी, शिक्षक, कर्मचारी र सम्पन्न वर्गका छोराछोरीले पढने भएकोले उनीहरू नियमित विद्यालयमा उपस्थित हुँने, गृहकार्य गर्न प्रशस्त समय मिल्ने, घरको काम गर्न नपर्ने, शैक्षिक सामग्री किन्न समस्या नहुने भएकोले संस्थागत माध्यमिक विद्यालयको सिकाइ उपलव्धी उच्च र राम्रो भएको अध्ययनबाट जानकारी पाइएको छ ।

सामुदायिक विद्यालयको शिक्षण सिकाइ क्रियाकलाप सुचारू रूपले चले नचलेको जि.शि.का.बाट वि.नि.स्रोत व्यक्तिले वर्षमा एक पटक पनि निरीक्षण नगर्ने, प्र.अ. र वि.व्या.स.ले पनि कक्षा अवलोकन र विद्यालयको रेखदेखमा बेवास्था गर्ने गरेको तर संस्थागत विद्यालयमा संस्थापक र वि.व्या.स.ले दैनिक रूपमा विद्यालयमा आई कुन शिक्षक आएका छन, कुन आएका छैनन् , कसले नियमित कक्षा लिएको छ, कसले लिएको छैन, कुन शिक्षक समयमा कक्षामा प्रवेश गरेको छैन, कुन शिक्षकले राम्रो पढाएको छ र कुन शिक्षकले राम्रो पढाएको छैन आदि विषयमा ध्यान दिईरहने, नियमित नहुने र राम्रो शिक्षण सिकाइ नगर्ने शिक्षक विद्यार्थीलाई कडा कारवाही गर्न समेत पछि नपर्ने हुँदा सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयको शिक्षण सिकाइ प्रक्रिया प्रभावकारी भएको छ ।

सामुदायिक विद्यालयका अभिभावकहरू अधिकांस अशिक्षित र गरीब कीसान भएको हुँदा छोरा छोरी नियमित विद्यालय गए नगएको, राम्रोसंग पढे नपढेको विद्यालयमा गएर नबुझ्ने र पढाइ लेखाइको लागि आवश्यक शैक्षिक सामग्रीको व्यवस्था पनि कमै मात्र गर्ने गरेको छ भने संस्थागत विद्यालयका अभिभावकहरू शिक्षित र सम्पन्न भएको कारण छोरा छोरी नियमित विद्यालय गए नगएको, राम्रोसंग पढने लेख्ने गरे नगरेको विद्यालयमा गएर बेला बेलामा बुझ्ने र आवश्यक शैक्षिक सामग्रीको व्यवस्था गरिदिने गरेको छ । अभिभावकको छोरा छोरीको पढाइमा लगानी र चासो संस्थागत विद्यालयमा बढी रहेकोले पनि सिकाइ उपलव्धी राम्रो रहेको छ ।

सामुदायिक माध्यमिक विद्यालयमा वर्षमा २/३ पटक निर्णयात्मक परीक्षा मात्र गरी विद्यार्थीको मूल्याङ्कन गर्ने गरेको तर संस्थागत माध्यमिक विद्यालयमा धेरै पटक निर्माणात्मक र

निर्णयात्मक दुबै परीक्षाबाट विद्यार्थीको मूल्याङ्कन गर्ने गरेको, एकाइ परीक्षा र मासिक परीक्षा गरी विद्यार्थीको कमी कमजोरी सुधार गरी बढी अभ्यास गराउने गरेको कारण सिकाइ उपलब्धी बढी राम्रो भएको छ ।

निष्कर्षमा के भन्न सकिन्छ भने शिक्षण सिकाइमा कक्षाकोठा शिक्षणले ठुलो भूमिका खेलेको हूँदो रहेछ । शिक्षण सिकाइ क्रियाकलापमा शिक्षकको सक्रियता, दक्षताको साथै नियमितता, उत्तरदायित्वको वोध, पेशाप्रति सन्तुष्टि, अनुशासन आदिले प्रभाव पार्ने रहेछ । प्रभावकारी शिक्षण सिकाइमा विद्यालयको व्यवस्थापन, प्रशासन, निरीक्षण प्रणाली, अभिभावक, विद्यार्थी आदिको भूमिकाले समेत प्रभाव पार्ने कुरा अध्ययनबाट प्राप्त भएको छ ।

## ५.३ सुझावहरू

यस अध्ययनमा निम्नानुसारको सुझावहरू प्रस्तुत गरिएको छ :

### ५.३.१ नीतिगत तह

शैक्षिक जनशक्ति विकास केन्द्र र जि.शि.का.ले सामुदायिक विद्यालयका साथसाथै संस्थागत विद्यालयका शिक्षकहरूलाई पनि शिक्षण सिकाइ सम्वन्धी सेवाकालीन, पुर्नताजगी र मागमा आधारित तालिमको व्यवस्था गर्ने गरी नीति नियम र कार्यक्रम बनाउनु पर्ने , जिल्ला शिक्षा कार्यालयबाट वि.नि. र स्रोतव्यक्तिबाट अनिवार्य रूपमा शिक्षा नियमावलीमा उल्लेख भए अनुसार मासिक रूपमा विद्यालय निरीक्षण र सुपरीवेक्षण गर्नु पर्ने, नियम अनुसार निरीक्षण नगर्ने वि.नि. ⁄स्रोतव्यक्तिलाई आवश्यक कारबाही गर्ने नियम बनाउनु पर्ने र नियम अनुसार शिक्षक व्यवस्थापन नगर्ने वि.व्य.स. तथा प्र.अ. र विद्यालयलाई आवश्यक कारवाही गर्ने व्यवस्था मिलाउनु पर्ने ।

नेपाल सरकार शिक्षा मन्त्रालय र जिल्ला शिक्षा कार्यालयले सबै माध्यमिक विद्यालयको पक्की भवन, उपयुक्त कक्षाकोठा, पक्की शौचालय र पुस्तकालय निर्माण गर्न आवश्यक रकमको व्यवस्था मिलाउनु पर्छ । नेपाल सरकार शिक्षा मन्त्रालयले विद्यार्थी संख्या अनुसार थप शिक्षकको व्यवस्था गरी सामुदायिक विद्यालयको गुणस्तर र पहुँचमा सुधार गर्दै लाने खालको नीति नियम बनाई शिक्षण सिकाइ प्रभावकारी बनाउने व्यवस्था गर्नुपर्छ ।

## ५.३.२ कार्यान्वयन तह

उपलव्ध स्रोत र साधनको अधिकतम प्रयोग गरी सामुदायिक विद्यालयका जिम्मेवार तहमा बसेका व्यक्तिहरूले संस्थागत विद्यालयको सरह भौतिक तथा शैक्षिक सुविधाहरूको व्यवस्था गर्ने । दक्ष जनशक्ति हुँदा हुँदै पनि शैक्षिक गुणस्तर न्युन रहेकोले सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समिति, प्र.अ.विद्यार्थी, शिक्षक र अभिभावकहरूले आ-आफ्नो जिम्मेवारी वहन गरी शिक्षाको गुणस्तर उकास्न आवश्यक पहल गर्ने गराउने ।

विद्यालयमा प्रभावकारी र सरल तरिकाले शिक्षण सिकाइ गर्नको लागि आवश्यक शिक्षक शैक्षिक सामग्री र फर्निचरको उचित व्यवस्था गर्ने, शिक्षकलाई आवश्यकता अनुसार शिक्षण सिकाइ सम्वन्धी तालिममा पठाउने र तालिमबाट फर्केपछि तालिममा सिकेका कुरा व्यवहारमा लागू गर्न लगाउने ।  सामुदायिक विद्यालयको शिक्षकको उपस्थिति नियमित नहूने, समयमा कक्षामा प्रवेश नगर्ने, पुरा समय शिक्षण नगर्ने प्रवृति देखिएकोले नियमित विद्यालयमा उपस्थित भई तोकिएको जिम्मेवारी पुरा गर्न गराउन प्र.अ.,वि.व्या.स.र जि.शि.का.ले आवश्यक पहल गरी कारवाही गर्ने गराउने ।

विद्यार्थीको नियमितता बढाउन उनीहरूका अभिभावकहरूसंग छलफल गर्ने र जनचेतनामुलक कार्यक्रम संचालन गर्नुको साथै घरमा गृहकार्य गर्ने समय मिलाउन समेत अनुरोध गर्ने, नियमित हुने विद्यार्थीलाई प्रशंसा र पुरस्कारको व्यवस्था गर्ने परीपाटी  बसाउने । विद्यालयमा नियमित हुने, अनुशासित, लगनशिल र कर्तव्यनिष्ट शिक्षकहरूको सही मूल्याङ्कन गरी पुरस्कार, प्रशंसा र सम्मानको व्यवस्था मिलाउने, नियमित नहुने र कर्तव्यबाट पन्छिन खोज्ने, राम्रो शिक्षण सिकाइ नगर्ने शिक्षकहरूको  तवल, भत्ता, ग्रेड कट्टी गरी सजायँ दिने व्यवस्था समेत मिलाउने ।

संस्थागत विद्यालयमा जस्तै सामुदायिक विद्यालयमा पनि एकाइ परीक्षा, मासिक परीक्षा समेत गरी निर्माणत्मक र निर्णयात्मक दुबै किसिमको परीक्षाको माध्यमबाट विद्यार्थी मूल्याङ्कन गर्ने व्यवस्था मिलाउने ।  सामुदायिक माध्यमिक विद्यालयको अङ्ग्रेजी शिक्षकले शिक्षण गर्दा परंपरागत अनुवाद विधि र शिक्षक केन्द्रित विधिबाट शिक्षण गर्ने गरेको पाइएकोले शिक्षण सिकाइलाई प्रभावकारी बनाउन अभ्यास, छलफल, प्रश्नोत्तर र अन्तक्रिया जस्ता विद्यार्थी केन्द्रित शिक्षण विधिबाट शिक्षण गर्न गराउन विद्यालय प्रशासकले सक्रिय भूमिका निर्वाह गर्ने ।

संस्थागत विद्यालयको शिक्षकले जस्तै सामुदायिक विद्यालयका शिक्षकले पनि बढी मात्रामा नियमित गृहकार्य दिने र जाँच गर्ने व्यवस्था विद्यालय प्रशासकले मिलाउने ।  संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयमा स्रोत साधन भएर पनि त्यसको उचित व्यवस्थापन र सदुपयोग

नभएकोले विद्यालय प्रशासन र व्यवस्थापन समितिले भएका स्रोत साधनको उचित व्यवस्थापन र सदुपयोग गरी शिक्षण सिकाइको लागि स्वच्छ वातावरण बनाउने प्रयास गर्ने गराउने ।

सामुदायिक विद्यालयमा पनि संस्थागत विद्यालयमा झै गुणस्तरीय र प्रभावकारी शिक्षण सिकाइ कार्य गर्न गराउन शिक्षकलाई नियमित भई विद्यार्थी केन्द्रित शिक्षण विधिबाट शिक्षण गर्न विद्यालय प्रशासकले आवश्यक उत्प्रेरणा दिई सक्रिय बनाउने । पाठको शुरूवातमा समेत संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयका शिक्षकहरू ढिलो कक्षामा प्रवेश गर्ने, पूर्व पाठको पुनरावलोकन नगरी पाठको शुरू गर्ने गरेको पाइएकोले समयमा नै कक्षामा प्रवेश गरी पूर्व पाठको पुनरावलोकन गरी अस्पष्ट भएको विषयवस्तु पुःन दोहोर्‍याएर मात्र पाठको शुरूवात गर्ने, शिक्षण पूर्व पाठको तयारी र पाठयोजना बनाउन समेत विद्यालय प्रशासकले आवश्यक निर्देशन, सुझाव, सल्लाह र उत्प्रेरणा दिने । सामुदायिक विद्यालयका शिक्षकले पनि संस्थागत विद्यालयका शिक्षकले झै विद्यार्थीहरूलाई बढी अभ्यास गर्न लगाई पाठ्यपुस्तक बाहेक अरू थप सन्दर्भ सामग्री समेत प्रयोग गरी अध्ययन अध्यापन गर्ने गराउने व्यवस्था मिलाउने ।

## ५.३.३ अनुसन्धान तह

सामुदायिक र संस्थागत विद्यालयको शिक्षक व्यवस्थापन तथा शिक्षण सिकाइमा फरक आउनाका कारणहरू यो सिमित क्षेत्र र विद्यालयमा गरिएको अध्ययन अनुसन्धानको प्राप्ति र निष्कर्षले मात्र नसमेटन सक्छ । यो अध्ययनले मात्र समग्र देशभरीका सामुदायिक र संस्थागत विद्यालयको शिक्षक व्यवस्थापन तथा शिक्षण सिकाइको तुलना अपुरो हुन सक्छ । तसर्थ सामुदायिक र संस्थागत विद्यालयको शिक्षक व्यवस्थापनले सिकाइमा पारेको प्रभावको राष्ट्रिय स्तरमा नै अध्ययन र अनुसन्धान गर्न सकिनेछ ।

## सन्दर्भग्रन्थ

काफ्ले, ईश्वरीप्रसाद (२०६०), *काठमाडौ जिल्लाको सामुदायिक र संस्थागत विद्यालयको कक्षा -८ को जिल्ला स्तरीय परीक्षामा नेपाली विषयमा विद्यार्थीले प्राप्त गरेको उपलब्धिको तुलनात्मक अध्ययन,* अप्रकाशित शोधपत्र, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, त्रि.वि.काठमाडौं ।

कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्र वहादुर (२०५९), *शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार,* काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

जिल्ला शिक्षा कार्यालय (२०६८), *नेपालमा शिक्षा आयोगका प्रतिवेदनहरू (२०५९),* बुलेटिन इलाम ।

जिल्ला शिक्षा कार्यालय (२०७०), नेपालमा शिक्षा आयोगका प्रतिवेदनहरू (२०६९), बुलेटिन इलाम ।

भट्टराई, केशवराज (२०६९), शिक्षाका आधार, काठमाडौंः जुपिटर पब्लिकेशन ।

भण्डारी, यमनारायण (२०६३), *गुल्मी जिल्लाको संस्थागत एवं सामुदायिक विद्यालयका टेष्ट परीक्षाको गणित विषयको विद्यार्थीहरूले प्राप्त गरेको उपलब्धिको तुलनात्मक अध्ययन,* अप्रकाशित शोधपत्र, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, महेन्द्ररत्न क्याम्पस, तहाचलः ।

रानामगर, भद्रबहादुर (२०६१), *संस्थागत र सार्वजनिक विद्यालय बीच प्रवेसिका परीक्षा परिणाम भिन्नता देखिनाका कारणहरू,* अप्रकाशित शोधपत्र, स्नातकोत्तर तह, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, त्रि.वि.काठमाण्डौं ।

शर्मा, गोपीनाथ (२०४३), *नेपालमा शैक्षिक इतिहास,* काठमाडौं : एम के. पब्लिसर्श एण्ड डिष्ट्रिव्युटस् ।

शर्मा, गोपीनाथ ( २०५९), *नेपालका शिक्षा आयोगका प्रतिवेदनहरू,* काठमाडौंः मकालु बुक्स एण्ड स्टेसनर्श ।

शर्मा, गोपिनाथ (२०६२), *नेपालमा शिक्षा आयोगका प्रतिवेदनहरू,* काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, चिरञ्जीवी र शर्मा, निर्मला (२०५३), *शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधार,* काठमाडौंः एम के पब्लिसर्स एण्ड डिष्टिव्यर्टस् ।

शर्मा, चिरञ्जीवी र शर्मा, निर्मला ( २०६३), *शैक्षणिक विधि,* काठमाडौः एम के पब्लिसर्स एण्ड डिष्टिव्यटर्स ।

शर्मा, राजनप्रसाद (२०६३), *काठमाडौं महानगरपालिकाको सामुदायिक र संस्थागत विद्यालय विच प्रवेशिका परीक्षाको परिणामका भिन्नता देखिनाका कारणहरू,* अप्रकाशित शोधपत्र, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, त्रि.वि.काठमाण्डौंः ।

सेरिड (१९९३), *सामुदायिक र संस्थागत विद्यालयको दक्षता स्तर तुलनात्मक अध्ययन,* काठमाडौंः शिक्षा विकास तथा अनुसन्धान केन्द्र त्रि.वि. ।

सेरिड (२००४), एस.एल.सी परीक्षा र कक्षाकोठा अभ्यास, काठमाडौंः लेखक ।

श्रेष्ठ, कुलनरसिंह ( २०६४), *शिक्षा मनोविज्ञान,* काठमाडौं : नवीन प्रकाशन ।

हाडा, भुपेन्द्र (२०६०), *विकासका लागि शिक्षा,* काठमाडौंः मकालु पुस्तक भण्डार ।

# सामुदायिक एवम् संस्थागत विद्यालयमा शिक्षक व्यवस्थापन

## अनुसूचिः एक

## स्रोतव्यक्तिको लागि अन्तरवार्ता सूची

१) विषयवस्तुको प्रस्तुतीकरण कस्तो रहेको छ ?

उत्तर ..........................................................................................

२) शिक्षकहरूमा विषयवस्तुको ज्ञानको अवस्था कस्तो रहेको छ ?

उत्तर ..........................................................................................

३) कक्षा व्यवस्थापनको अवस्था कस्तो छ ?

उत्तर ..........................................................................................

४) शिक्षण विधिको प्रयोग कसरी गर्नु हुन्छ ?

उत्तर ..........................................................................................

५) शैक्षिक सामाग्रीको प्रयोग कसरी गर्ने गरेको छ ?

उत्तर ..........................................................................................

६) शैक्षणिक क्रियाकलापमा विद्यार्थीको सहभागिता कस्तो रहेको छ ?

उत्तर ..........................................................................................

७) शिक्षण गर्दा कक्षामा मूल्याङ्कन कुन तरिकाले गर्ने गरेको छ ?

उत्तर ..........................................................................................

८) शिक्षणमा विद्यार्थीको प्रस्तुतीकरण कस्तो खालको रहेको छ ?

उत्तर ..........................................................................................

९) अतिरिक्त पाठ्यपुस्तकको प्रयोगको अवस्था कस्तो रहेको छ ?

उत्तर ..........................................................................................

१०) गृहकार्यको प्रयोग कसरी गर्ने गरिएको छ ?

उत्तर ..........................................................................................

# सामुदायिक एवम् संस्थागत विद्यालयमा शिक्षक व्यवस्थापन

## अनुसूची : दुई

## विद्यार्थीहरूका लागि प्रश्नावली

१) तपाईको विद्यालयमा कुनु विषयगत शिक्षक को को हुनु हुनुहुन्छ ?

उत्तर ........................................................................................

२) तपाईको विज्ञान र गणित विषय कुन कुन शिक्षकले अध्यापन गराउनु हुन्छ ?

उत्तर ........................................................................................

३) ऐच्छिक विषय अध्यापन गराउने शिक्षकको को हुनुहुन्छ ?

उत्तर ........................................................................................

४) खेलकुद सम्बन्धीको शिक्षकको हुनुहुन्छ ?

उत्तर ........................................................................................

५) अहिले कुनु कुन विषयको शिक्षक हुनुहुन ?

उत्तर ........................................................................................

६) शिक्षकहरू तालिममा गएको बेला पढाई हुन्छ कि हुदैन ?

उत्तर ........................................................................................

७) तपाईका अभिभावक शिक्षक भए नभएको विषयमा प्रश्न गर्नु हुन्छ कि हुदैन ?

उत्तर ........................................................................................

८) तपाईलाई विषयगत रूपमा अध्यायन गराउने शिक्षकहरू छन् वा छैनन् थाहा हुन्छ ?

उत्तर ........................................................................................

# सामुदायिक एवम् संस्थागत विद्यालयमा शिक्षक व्यवस्थापन

## अनुसूची : तीन

### प्रधानाध्यापक/प्रिन्सिपलहरूका लागि अन्तर्वार्ता प्रश्नावली

क) तपाईले प्र.अ.को रूपमा विद्यालयमा काम गर्नु भएको कति वर्ष भयो ?

उत्तर ..........................................................................................................

ख) व्यवस्थापनको अवस्था कस्तो छ ?

उत्तर ..........................................................................................................

ग) कक्षाकोठाको अवस्था कस्तो छ ?

उत्तर ..........................................................................................................

घ) विद्यालयमा व्यवस्थापन समितिको गठन कसरी गर्नुहुन्छ ?

उत्तर ..........................................................................................................

ङ) व्यवस्थापन समितिले कक्षा अवलोकन गर्नु भएको छ ?

उत्तर ..........................................................................................................

च) विद्यालयमा विषयगत शिक्षक व्यवस्था कसरी गर्नु भएको छ ?

उत्तर ..........................................................................................................

छ) अध्यापन गर्ने कक्षाकोठाको अवस्था कस्तो छ ?

उत्तर ..........................................................................................................

ज) अभिभावक मेलामा कति प्रतिशत उपस्थिति हुनुहुन्छ ?

उत्तर ..........................................................................................................

झ) अंग्रेजी विषयसँग सम्बन्धित अतिरिक्त पुस्तकको व्यवस्था छ ?

उत्तर ..........................................................................................................

ञ) विद्यालयमा अभिभावकहरूलाई बोलाई उनीहरूका छोराछोरीको शैक्षिक अवस्थाको जानकारी गराउने चलन छ ?

उत्तर ..........................................................................................................

ट) विद्यालयमा शैक्षिक सामग्रीको व्यवस्था कस्तो छ ?

उत्तर ..........................................................................................................

ठ) सरकारी स्तरबाट कस्तो प्रविधिले निरीक्षण हुने गरेको छ ?

उत्तर ..........................................................................................................

ड) शिक्षकले कक्षामा समय कत्तिको दिनुहुन्छ ?

उत्तर ..........................................................................................................

ढ) समय दिए पनि विषय वस्तुभन्दा वढी वाहिरका कुरा गर्छन् ?

उत्तर ..........................................................................................................

ण) रिक्त शिक्षक पदपूर्तिका लागि विद्यालयले कस्तो प्रक्रिया अपनाउँछ ?

उत्तर ..........................................................................................................

त) शिक्षक व्यवस्थापनका प्रमुख चुनौतिहरू के के हुन् ?

उत्तर ..........................................................................................................

# सामुदायिक एवम् संस्थागत विद्यालयमा शिक्षक व्यवस्थापन

## अनुसूचीः चार

## शिक्षकको लागि प्रश्नावली

१) तपाईले कुन विषयको अध्ययन गर्नु भएको कति वर्ष भयो ?

उत्तर ........................................................................................................

२) तपाईले यो विषय अध्ययन गराउनु भएको कति वर्ष भयो ?

उत्तर ........................................................................................................

३) विद्यार्थीसँग पाठ्यपुस्तकको उपलब्धताको अवस्था कस्तो छ ?

उत्तर ........................................................................................................

४) कक्षा मूल्याङ्कन/एकाई मूल्याङकनको व्यवस्था कस्तो रहेको छ ?

उत्तर ........................................................................................................

५) विषय शिक्षकको तालिमको व्यवस्था कस्तो छ ?

उत्तर ........................................................................................................

६) कक्षा शिक्षणमा शिक्षक सामाग्रीको प्रयोगको अवस्था कस्तो छ ?

उत्तर ........................................................................................................

७) कुन शिक्षण विधि प्रयोग गरी अध्यापन गर्नु हुन्छ ?

उत्तर ........................................................................................................

८) अध्यापन गराउने कक्षा उपयुक्त छ ?

उत्तर ........................................................................................................

९) शिक्षण गर्दा भाषाको प्रयोग कसरी गर्नुहुन्छ ?

उत्तर ........................................................................................................

१०) अंग्रेजी अध्यापनका लागि छुट्याइएको समय पर्याप्त छ ?

उत्तर ........................................................................................................

११) विषयका पाठहरूको विशिष्टीकरण गर्नु भएको छ ?

उत्तर ........................................................................................................

१२) विद्यालयले तालिमको लागि के के सुविधा दिएको छ ?

उत्तर ...........................................................................................................

१३) अतिरिक्त क्रियाकलापको प्रयोग कसरी गर्ने गर्नु भएको छ ?

उत्तर ...........................................................................................................

१४) प्रयोग शालाको व्यवस्था छ ?

उत्तर ...........................................................................................................

१५) तापाईलाई पठनपाठन बाहेक अरु के के जिम्मेवारी दिएको छ ?

उत्तर ...........................................................................................................

१६) तपाई विद्यालयको कुन कुन कार्यमा सहभागि हुने गर्नु भएको छ ?

उत्तर ...........................................................................................................

## अनुसूचीः पाँच

### अभिभावकहरूका लागि प्रश्नावली

१) तपाईको शैक्षिक योग्यता कति हो ?

उत्तर ........................................................................................................

२) तपाईको परिवारमा कति जना सदस्यहरू छन् ?

उत्तर ........................................................................................................

३) तपाई के पेशा गर्नुहुन्छ ?

उत्तर ........................................................................................................

४) घरको आर्थिक अवस्था कस्तो छ ?

उत्तर ........................................................................................................

५) विद्यालयमा गई आफ्ना वालवच्चाको शैक्षिक अवस्थाको वारेमा जानकारी लिनु भएको छ ?

उत्तर ........................................................................................................

६) विद्यालय समयवाहेक आफ्ना छोराछोरीलाई ट्यूशन कोचिङ्ग पढाउनु भएको छ ?

उत्तर ........................................................................................................

७) तपाईका छोराछोरी अध्ययन गर्ने विद्यालयमा विषयगत शिक्षकको व्यवस्था छ ?

उत्तर ........................................................................................................

८) कुन कुन विषयका शिक्षक छैनन् ?

उत्तर ........................................................................................................

९) विषयगत रूपमा शिक्षकको नाम भन्न सक्नुहुन्छ ?

उत्तर ........................................................................................................

१०) तपाईलाई विद्यालयमा शिक्षक अभाव हुँदा सल्लाह वा निर्णयमा सहभागि गराउँछ ?

उत्तर ........................................................................................................

११) तपाईको विद्यार्थी कुन विषयमा कमजोर छ ?

उत्तर ........................................................................................................

१२) तपाईको विद्यार्थी कुन विषयमा बढी जान्ने छ ?

उत्तर ........................................................................................................

# सामुदायिक एवम् संस्थागत विद्यालयमा शिक्षक व्यवस्थापन

## अनुसूची : छ

## शिक्षकको कक्षा अवलोकन फाराम

विद्यालयको नाम : मिति :

शिक्षकको नाम : कक्षा :

जिल्ला : गा.वि.स. घण्टी :

विषय : पाठ शिर्षक :

| विषयवस्तु | क्रियाकलाप | परिणाम | | कैफियत |
|---|---|---|---|---|
| | | गरेको | नगरेको | |
| (क) पाठको शुरूवा | • गृहकार्य कालोपाटीमा सच्चाइयो<br>• गृहकार्य कापीमै जाँचियो<br>• पूर्व पाठको समिक्षा<br>• पाठको उदेश्य विद्यार्थीलाई प्रष्ट<br>• विद्यार्थीहरू शिक्षकतिर आकर्षित<br>• पाठको शुरूवात रूचिकर थियो<br>• कक्षा व्यवस्थित<br>• गृहकार्य गरे नगरेकोलाई दण्ड / पुरस्कार<br>• पृष्ठ पोषण प्रदान | | | |
| (ख) विषय वस्तुको शिक्षण | • पाठयोजना वनाउने<br>• विषयवस्तुको प्रयाप्त ज्ञान हासिल<br>• विषयवस्तुको शिक्षण पाठयपुस्तक अनुसार<br>• विषयवस्तु विद्यार्थीको रूची र स्तर अनुसार<br>• पाठको प्रस्तुतीकरण उपयुक्त तरिकाले | | | |

| | | | | |
|---|---|---|---|---|
| | • उदाहरणको प्रयोग मिल्दो<br>• विषयवस्तुको शिक्षणमा विद्यार्थीहरू केन्द्रित<br>• उदेश्यको प्राप्ति<br>• अस्प्रष्टलाई प्रष्ट पार्ने काम | | | |
| (ग) शिक्षण सिकाइ विधिको प्रयोग | • व्याख्यान विधिको प्रयोग<br>• छलफल विधिको प्रयोग<br>• प्रश्नोत्तर विधिको प्रयोग<br>• प्रदर्शन विधिको प्रयोग<br>• अभ्यास विधिको प्रयोग<br>• अन्तरक्रिया विधिको प्रयोग<br>• अनुवाद विधिको प्रयोग | | | |
| (घ) शैक्षिक सामग्रीको प्रयोग | • दैनिक प्रयोगका सामग्री प्रयोग<br>• पाठ अनुसारको शैक्षिक सामग्री प्रयोग<br>• शैक्षिक सामग्रीको उपयुक्त प्रयोग<br>• कालोपाटीको उपयुक्त प्रयोग<br>• सुनाइको लागि टेपरेकर्डरको प्रयोग | | | |
| (ङ) शिक्षकको सक्रियता | • गृहकार्यको जाँच<br>• विद्यार्थीलाई उत्प्रेरणा दिने काम<br>• विद्यार्थीको प्रश्नको जवाफ दिने<br>• प्रश्न मौखिक रूपमा साध्ने<br>• प्रश्न लिखित रूपमा दिने<br>• ठीक उत्तरलाई प्रशंसा<br>• गलत उत्तरलाई सुधार<br>• छात्र छात्रामा समान प्रश्न | | | |

| | | | | |
|---|---|---|---|---|
| | • पृष्ठपोषण प्रदान<br>• गृहकार्य दिने<br>• उत्प्रेरणा दिने काम | | | |
| (च) विद्यार्थीको सहभागिता | • विद्यार्थीको सहभागिता सक्रिय<br>• सवै विद्यार्थीहरू प्रश्न उत्तर गर्न तयार<br>• सवै विद्यार्थीले छलफलमा भाग लिने<br>• शिक्षकको निर्देशनमा सवैले कक्षा कार्य गर्ने | | | |
| (छ) कक्षाको वतावरण | • उपयुक्त कक्षाकोठा निर्माण<br>• फर्निचरको उपयुक्त व्यवस्था<br>• छात्र छात्राको अलग अलग लाइन<br>• कक्षा कोठाको सरसफाई<br>• कक्षामा हल्ला | | | |
| ( ज) पाठको अन्त्य | • मूल्यांकन<br>• उदेश्य पुरा<br>• पृष्ठपोषण / समिक्षा<br>• गृहकार्य दिने<br>• मूल्यांकन लिखित रूपमा<br>• मूल्यांकन मौखिक रूपमा | | | |